वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष १० अङ्क ४२ पूर्णाङ्क ४६८ २०८३ वैशाख २८ गते सोमबार Monday 11 May, 2026 पृष्ठ ८ मूल्य रू. १० ।–

केन्द्रीय सदस्यहरूलाई क्रान्तिकारी कम्युनिस्ट पार्टीको अन्तरक्रियात्मक प्रशिक्षण

काठमाडौं । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले केन्द्रीय सदस्यका बीचमा चार स्थानमा अन्तर्क्रियात्मक प्रशिक्षण सम्पन्न गरेको छ ।

काठमाडौंमा वैशाख १९-२१ मा सम्पन्न

ब्यूरो नं ८,९ र १० मा कार्यरत केन्द्रीय सदस्यहरूको लागि अन्तर्क्रियात्मक प्रशिक्षण काठमाडौंमा बैशाख २१ मा सम्पन्न भयो । वैशाख १९ गते उद्घाटन कार्यक्रमको अध्यक्षता महासचिव गौरवले गर्नुभएको थियो ।गौरवले संघर्षको नेतृत्व गर्न सक्ने क्षमतावान पार्टी बनाउन नेता, कार्यकर्ताको स्तर उठाउन यसप्रकारको कार्यक्रम आवश्यक भएको बताउनुभएको थियो । उद्घाटन कार्यक्रमको संचालन राजवीरले गर्नुभएको थियो । तीन दिनसम्म चलेको कार्यक्रममा असीमले "तात्कालिक राजनीतिक परिस्थिति", प्रतिकले "मार्क्सवाद र संशोधनवाद", बसन्तले "संघर्षको कार्यक्रम", राजवीरले "राष्ट्रिय एकता महाधिवेशनद्वारा *बाँकी ८ पेजमा*

उपत्यकाका १९ वटा बस्तीका सुकुम्बासीको जबर्जस्ती उठिबास : फासिवादी क्रूरताका विरुद्ध उठ्दै देशव्यापी प्रतिरोध आन्दोलन

काठमाडौं । बालेन्द्र साह नेतृत्वको सरकारले उपत्यकाका १९ वटा सुकुम्वासी बस्तीमा डोजर लगाएर सुकुम्बासीहरूको जबर्जस्ती उठिबास लगाएको छ । डोजरले गरिब नागरिकको घर भत्काइदिएपछि हजारौं नागरिकको बिचल्ली भएको छ । युद्ध ग्रस्त क्षेत्रमा जस्तै मानवीय संकट उत्पन्न भएको छ। सरकारले न्यूनतम मानवीय संवेदना पनि देखाएको छैन । चौतर्फी रूपमा आलोचना भइरहेको छ । र, देशैभरबाट राज्यको फासिवादी दमनको प्रतिरोध भइरहेको छ। बालेन सरकारले थेग्नै नसक्ने गरी देशैभरिबाट सुकुम्बासीहरूको प्रतिरोध आन्दोलन उठान भइरहेको छ ।

शुक्रबार अबेर सर्वोच्च अदालतले सुकुम्वासीको पक्षमा अन्तरिम आदेश दिनु अघिसम्म जिल्ला प्रशासन कार्यालयको तथ्याङ्क अनुसार काठमाडौं उपत्यकाका करिब १९ वटा बस्तीमा डोजर लगाएर गरिब सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको घर भत्काइदिएको छ। प्राप्त जानकारी अनुसार ती बस्तीका २ हजार ६ सय ८७ घर तथा टहरा भत्काइदिएको हो। तीमध्ये ८९० वटा पक्की संरचना र १ हजार ७९७ कच्ची संरचना रहेका छन्। बालेन सरकारको फासिवादी क्रूरताबाट सुकुम्वासी बस्तीका करिब १५ हजार ३ सय जना विस्थापित भएका छन्। तीमध्ये ६ हजार ८ सय ५८ पुरुष, ५ हजार ३ सय २५ महिला, १ हजार ४३७ बालक तथा १ हजार ६ सय ९६ बालिका रहेका छन् ।

सेटिङमा सर्वोच्चको आदेश ?

वालेन्द्र साह नेतृत्वको सरकारले काठमाडौं उपत्यका र बाहिरका दर्जनौं सुकुम्वासी बस्तीमा डोजर चलाएर विध्वंश मच्चाइसकेको अवस्थामा सर्वोच्च अदालतले अंकुश लगाउने गरी शुक्रबार अन्तरिक आदेश दियो ।

बैशाख ११ मा दर्ता गरिएको रिटमा किन यति ढिलो अन्तरिम आदेश गरियो ? जुन जुन कारण देखाएर सर्वोच्च अदालतले सुकुम्बासी बस्तीमा जोडर नलगाउन भनेको छ, त्यो अवस्था भत्काइएका बस्तीहरूको हकमा पनि लागू

हुन्थ्यो । मानव अधिकार, यति गम्भीर मानवीय संवेदनासँग जोडिएको विषयमा किन सर्वोच्च अदालतले यति ढिलो फैसला गऱ्यो ? के यसमा सरकारको मिलेमतो छैन ?

मानवीय संकट उत्पन्न हुने गरी सुकुम्बासी बस्तीमा जोडर आतंक मच्चाएपछि र जबर्जस्ती नागरिकको घर भत्काइदिएर उठिबास लगाएपछि चौतर्फी रूपमा देशैभरिबाट सरकारको विरोध भयो । सडकमा नागरिकहरू स्वतःस्फूर्त उत्रन थाले । सरकारले सुकुम्बासीहरूका घर भत्काउन नरोके जनताको ठूलै प्रतिरोध हुने, ठूलो संख्यामा हताहती हुने स्थिति उत्पन्न हुने देखेपछि सरकार पछि हट्न खोजिरहेको थियो । सुकुम्बासी तथा अव्यवस्थित बस्तीहरूमा डोजर लगाउँदै जाँदा सत्तारुढ पार्टीका सांसद र मन्त्रीकै घरहरू समेत पर्ने देखिएपछि रास्वपाभित्रैबाट पनि सरकारलाई डोजर रोक्न दबाब बढिरहेको थियो । यसै पृष्ठभूमिमा यति लामो समयसम्म अन्तरिम आदेश नदिएको सर्वोच्चले यही समयमा अन्तरिम आदेश दिएर सरकारलाई सजिलो पार्ने काम गऱ्यो र बालेन्द्र साहले पनि स्टाटस लेखेर सर्वोच्चको आदेशको सम्मान गर्ने पनि भनिहाले । तर, शुक्रबारको सर्वोच्चको आदेशलाई अवहेलना गरी बाँकेको कोहलपुरमा डोजर लगाएर त्यहाँका सुकुम्बासीलाई उठिबास लगाइयो । घरमा डोजर लगाउँदा एक जना महिला बेहोस भएको र ससाना छोराछोरीको रुवाबासी भएको भिडियो अहिले सामाजिक सञ्जालमा भाइरल भइरहेको छ। यसरी, *बाँकी ७ पेजमा*

केन्द्रीय संघर्ष समितिको प्रेस वक्तव्य : सुकुम्बासी जनतामाथिको फासिवादी दमन र विस्थापनको घोर निन्दा र भर्त्सना, संघर्षमा सामेल हुन अपिल

काठमाडौं । क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपाल, नेकपा (बहुमत), नेपाल कम्युनिष्ट पार्टी र वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी, नेपाल सम्मिलित केन्द्रीय संयुक्त संघर्ष समितिले एक वक्तव्य जारी गर्दै हालै सरकारले काठमाडौंका विभिन्न स्थानमा सुकुम्वासी जनतामाथि गरेको फासीवादी प्रकारको दमन र विस्थापनको घोर निन्दा र भत्सर्ना गरेको छ। सुकुम्वासी र गैरसुकुम्बासीको पहिचान नगरी र वैकल्पिक उचित बसोबासको ग्यारेन्टी नगरी सुकुम्वासी जनतालाई शक्ति प्रयोग गरी बलात् उठीबास लगाउने काम कदापि स्वीकार्य हुन सक्दैन भन्ने अडान सधैंभरी राख्दै आएका उल्लेख गर्दै नेकपा (बहुमत)का महासचिव समेत रहनु भएका समितिका संयोजक धर्मेन्द्र बास्तोलाले *बाँकी ७ पेजमा*

'भूमिहीनलाई भूमि दे' भन्दै श्रम संस्कृति पार्टीको प्रदर्शन

काठमाडौं । सुकुम्बासी तथा अव्यवस्थित बसोबासमाथि राज्यले दमन गरेको आरोप लगाउँदै श्रम संस्कृति पार्टीले काठमाडौंको माइतीघर मण्डलामा विरोध प्रदर्शन गरेको छ । 'यो देश गरिबको पनि हो' भन्ने नारासहित शनिबार आयोजित प्रदर्शनमा सहभागीहरूले राज्यको व्यवहारप्रति आपत्ति जनाएका थिए। पार्टीले सुकुम्बासी र भूमिहीन समुदायप्रति सरकारले निर्मम ढंगले व्यवहार गरेको आरोप लगाएको छ । प्रदर्शनका क्रममा सहभागीहरूले 'भूमिहीनलाई पहिले व्यवस्थापन गर', 'मानवअधिकारका लागि एक हौं', 'कमजोर वर्गलाई संरक्षण गर्नु राज्यको दायित्व हो' र 'भूमिहीनलाई भूमि दे' लगायतका प्लेकार्ड प्रदर्शन गरेका थिए ।

उनीहरूले उचित विकल्प र व्यवस्थापन नगरी सुकुम्बासी बस्ती हटाउने कार्यले राज्यले निरंकुश शैली देखाएको भन्दै आक्रोश व्यक्त गरेका थिए ।

खेलकुदले आत्मविश्वास र एकताभाव पैदा गर्दछ : *सुदर्शन*

काठमाडौं, बैशाख २५ । रेड स्टार स्पोर्टिङ क्लब बुद्धनगर काठमाडौंको आयोजनामा 'रेड स्टार फूटसल खुल्ला प्रतियोगिता २०८३' को उद्घाटन भएको छ। आज बिहान बैशाख २५ गते विहान ११ बजे ललितपुरको बंगलामुखी फूटसल मैदानमा भएको उक्त फुटसल प्रतियोगिताको उद्घाटन क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका स्थायी समिति सदस्य तथा पार्टी प्रवक्ता सुदर्शनले गर्नुभएको थियो । उहाँले रेफ्रि माया तामाङलाई फुटबल हस्तान्तरण गरेपछि फुटसल कार्यक्रमको औपचारिक उद्घाटन भएको थियो ।

क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका प्रवक्ता रहनुभएको सुदर्शनले उद्घाटन खेलको समारोहमा भन्नुभयो -'फूटबल खेल विश्वव्यापी रूपमा लोकप्रिय भएको बेला उरुग्वेका एक जना शिक्षक जुयान कार्लोस सेरियानी नामक शिक्षकले युवाहरूले सानो ठाउँमा पनि खेल्न सक्ने गरी यसको नियम बनाएका थिए। त्यस समयदेखि *बाँकी ७ पृष्ठमा*

बुटवलमा हजारौं भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूको विरोध प्रदर्शन

बुटवल । बुटवलमा हजारौं भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूले विरोध प्रदर्शन गरेका छन् । वालेन्द्र शाह नेतृत्वको सरकारले आवश्यक तयारी र छलफलबिना भूमिहीन सुकुम्बासी र *बाँकी ७ पृष्ठमा*

एकपटक फेरी फासिष्ट र फासिवादको सम्झना आयो

के वर्तमान रास्वपाको बालेन नेतृत्वको सरकार कतै फासिवादतर्फ त उन्मुख त छैन ? भन्ने तर्कहरू अहिले उठेका छन्, यद्धपि उनले नेपाल र नेपालीको उन्नती र प्रगतिको निम्ति काम गर्दैछ भन्ने तर्कहरू पनि त्यत्तिकै बलिया देखिएका छन् ।

यो लेखको उद्येश्य बालेन नेतृत्वको सरकारको कामगर्ने शैली के हो ? स्वयम बालेन के हो ? यसवारे लेख्ने नभै आम फठकका बीचमा बालेन नेतृत्वको सरकारको कामगर्ने शैली कतै इतिहासको गर्भमा गएको फासिवादलाई चिहानबाट उखेलर नेपालमा लागु गर्ने ऐतिहासिक भूल गर्ने मार्ग नहोस भन्ने नै हो ।

यसका लागि लेखकले यहाँ फासिवाद के हो ? यसलाई एतिहासिक घटनासंग मिलाएर व्याख्या र बिश्लेषण गर्ने प्रयास गरिनेछ, जसका आधारमा पाठकहरू स्वयम फासिवाद के रहेछ, उसका महत्वपूर्ण पक्षहरू के रहेछन् र विश्व इतिहासमा फासिवादको उत्थान र पतन के कसरी भएको रहेछ आदिवारे सोच्न र त्यसलाई नेपालको वर्तमानको बालेन सरकारबारे सही दृष्टिकोण बनाउन मदत गर्ने छ भन्ने हो ।

यो लेखलाई निम्न २ वटा मूल शिर्षक र ६ उपशिर्षकरुमा बाँडेर चर्चा गर्ने प्रयास गरिएको छ :

१ फासिज्मका महत्वपूर्ण पक्षहरू र यसको ऐतिहाँसिक बिकास

फासिज्मको एउटा महत्वपूर्ण पक्ष भनेको यसको जनसंख्याको अनगिन्ती पक्षहरू संग भएको बिशाल सम्पकर्, जुन शासक बर्गको पहिचान भन्दा बाहीर पनि हुन्छ। यसो हनुको कारण के भने जनसंख्याका ती अनगिन्ती क्षेत्रहरूलाइ परिचालन गर्न र शोषितबर्गहरूको चाहाना र इच्छामा आधारीत फासिष्टहरूको

● हुकुमबहादुर सिंह ●

राजनैतिक क्रियाकलाप उठाउन सक्ने यसको क्षेमताले गर्दा यो अन्यप्रकारका प्रतिक्रियाबादी *बाँकी ३ पृष्ठमा*

सम्पादकीय

कार्यपालिकाको दबाब र प्रभावमा न्यायापालिका

सर्वोच्च अदालतकी कायममुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्लले दुई तिहाइको सरकारको डर र प्रभावमा न्याय सम्भव नहुने बताइन् । ७४औं कानुन दिवसका अवसरमा शनिबार सर्वोच्च अदालतले काठमाडौंमा आयोजना गरेको कार्यक्रममा उनले दुई तिहाइ बहुमतको सरकारको डर र भयबाट मुक्त भई अदम्य साहसका साथ अघि बढ्न सम्पूर्ण न्यायकर्मीहरूलाई आह्वानसमेत गरिन् ।

उनले अहिलेको अवस्थालाई गम्भीर र कहालीलाग्दो भन्दै यस्तो अवस्थामा संविधानवाद, विधिको शासन, नागरिक हक, अधिकार र न्यायपालिकाको स्वतन्त्रता र मर्यादालाई संरक्षण गर्नको लागि सबैलाई एकजुट हुन आह्वानसमेत गरिन् ।

शक्ति पृथकीकरणको सिद्धान्त अनुसार राज्यका प्रमुख अंगहरू कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाबिच राज्य शक्तिको विभाजन गर्दै न्यायपालिकाको स्वतन्त्रता, विधिको शासन तथा आधुनिक न्याय प्रणालीको स्थापनाको लागि कार्यकारिणीको स्वेच्छाचारिता र अनुचित हस्तक्षेपबाट संस्थालाई सुरक्षित राख्न साहस प्रदर्शन गर्नुपर्ने उनको जोड थियो । उनले भनिन्, "संविधान, संविधानवाद, संवैधानिक नैतिकता, जनताभन्दामाथि कोही पनि छैन, कोही पनि हुन सक्दैन ।"

संविधान यथास्थितिमा राखेर संविधानको विरुद्धमा गरिने काम क्रान्ति वा परिवर्तन हुन सक्दैन । संविधानको उल्लंघन गर्नेहरूलाई संविधानप्रति उत्तरदायी नबनाएसम्म संविधानको बफादार कार्यान्वयन पनि हुन सक्दैन । संरचना भत्काएर परिवर्तन रोज्ने बहाना खोजेर आफ्नो परिवेशको उत्कृष्ठता स्थापना गर्ने प्रयासले सत्तामा रहनेको धित त मर्ला तर विधि र विधि संगत अपेक्षा राख्नेहरूको सपना भंग हुने भय छ । विधि र वैधानिक परंपराको हत्या गरेर गरिने स्वार्थ प्रेरित कार्यहरूले निरंकुशताको झझल्को पनि दिन्छ ।

कायममुकायम प्रधानन्यायाधिशको यो भनाइबाट स्पट हुन्छ कि नेपालको न्यायालयमाथि कार्यपालिकाको निकै ठूलो दबाब र प्रभाव छ । भय र त्रासका बिच न्याय निरूपण गर्न न्यायाधिशहरू विवश छन् । पूर्व प्रधानन्यायाधिश तथा अन्तरिम सरकारकी प्रधानमन्त्री सुशिला कार्कीले पनि वर्तमान बालेन्द्र साह नेतृत्वको सरकार र साहको समूहले उनलाई विगतमा ज्यान मार्ने समेत धम्की दिएको सार्वजनिक अभिव्यक्तिले बालेन्द्र साहको फासिवादी चरित्रलाई उदांगो पारेको छ । बालेन्द्र साहले कानून र संविधानको, विधि र वैधानिक परम्पाराको धज्जी उठाउँदै सुकुम्बासी बस्तीमा डोजर लगाएर गरिब नागरिकहरूको उठिबास लगाउने देखि आफ्नो स्वार्थनुकूल प्रधानन्यायाधिश छनौटसम्मका परिघटना अनि मिडियालाई धम्क्याउने घटनाले यो सरकार स्वेच्छाचारी क्रूर फासिवादतर्फ उन्मुख छ भन्ने प्रमाणित गर्दछ ।

अब यस्तो अवस्थामा नागरिकले न्यायपालिकाको स्वतन्त्र, निष्पक्ष र न्यायिक छबिमाथि गम्भीर सबाल खडा गरिदिएको छ । देशमा संवैधानिक सर्वोच्चता र नागरिक सर्वोच्चतालाई लल्कार्दै स्वेच्छाचारी फासिवादी शासकहरू राज्यआतंक खडा गरेपछि त्यसको निर्णायक प्रतिरोध गर्नुको नागरिकसँग कुनै विकल्प हुँदैन । बालेन्द्र सरकारको यही फासिवादी रवैयाका कारण मुलुक एकपट फेरि गृहयुद्धमा फस्न सक्ने खतरा पनि देखिएको छ । यो सरकारले महिना दिन पूरा नगर्दै नागरिकमा सरकारप्रति गम्भीर आशंका, असुरक्षा पैदा हुन पुगेको छ । राज्य नागरिकको रक्षक होइन, भक्षकको रूपमा स्थापित हुन पुगेको छ । देशका सबैभन्दा गरिब, निमुखा, असाहय नागरिकसँग बालेन्द्र सरकारले प्रतिशोध साँधेको छ-त्यसमा पनि राज्यको सम्पूर्ण शक्ति लगाएर । नागरिकको मानवीय संवेदनाको हुर्मत लिएर मानवताविरुद्धको अपराध मच्चाएको बालेन्द्र सरकारलाई अंकुश लगाउन सक्ने र चार जना नागरिकलाई मर्न बाध्य पारेको कसुरमा कारबाहीको दायरामा ल्याउन सक्छ यहाँको न्यायपालिकाले ? गम्भीर प्रश्न खडा भएको छ । बैशाख ११ गते दर्ता भएको रिटमा १९ वटा सुकुम्बासी बस्तीमा डोजर लगाएर उठिबास लगाएपछि आएको सर्वोच्चको आदेश नै अहिले गम्भिर आशंकाको घेरामा छ । यो आदेश कार्यपालिकाकै सेटिङमै आएको त होइन ? भन्ने प्रश्नहरू खडा भएका छन् । नत्र यति संवेदनशील विषयमा न्यायपालिकाले किन यति ढिलो आदेश जारी गऱ्यो ? यसको जवाफ सम्बन्धित पक्षले नागरिकलाई दिन जरुरी छ ।

परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा

विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।

www.moolbato.com

नेपाली राजनीतिमा साम्प्रदायिताको प्रयोग एक चर्चा

● डा. केशव देवकोटा ●

मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) सम्झौता नेपालको संसदबाट पारित गराउन कुन कुन दलले कसरी भूमिका निर्वाह गरेका थिए ? भन्ने सबैलाई थाहा छ । आज तिनै दलहरू क्रमशः किनारा लाग्दैगएको पनि सबैले अनुभव गरेका छन् । जसको मुख्यकारण साम्राज्यवादी शक्तिसँगको संलग्नतानै हो । नेपालमा एमसीसी पारित भएपछि अमेरिकी सक्रियता र चासो बढेको छ । यो वैदेशिक हस्तक्षेपको स्पष्ट उदाहारण हो । यस्तो अवस्थामा देशको सार्वभौमसत्ता र भौगोलिक अखण्डताको रक्षागर्न नेपाली जनतालाई जागरुक गराउनुपर्ने आवश्यकता रहेको छ । जसका लागि नेपाली समाजमा ब्याप्त गराइएको साम्प्रदायिक भावनालाई कम गराउन जनपक्षीय पार्टी र शक्तिहरूले भूमिका निर्वाह गरेको हुनुपर्दछ । देशको बिद्यमान संकट समाधानका लागि नेपाली विशेषताको राजनीतिक ब्यवस्थाको स्थापना हुनुपर्दछ । जसका लागि फेरी तेश्रो संविधान सभाको निर्वाचन गराएर बिधि र पद्धतिको प्रयोगद्वारा स्वतन्त्र र निष्पक्षरूपले नयाँ जनसंविधानको निर्माण गर्नु/गराउनु सबैभन्दा उत्तम बिकल्प हुनसक्छ ।

नेपालको राष्ट्रिय राजनीतिमा पछिल्ला दिनमा साम्राज्यवादी हस्तक्षेप तीब्रभएको छ । त्यसमा पनि अमेरिकी साम्राज्यवादको हस्तक्षेप बढ्दैगएको स्पष्ट छ । जसले नेपालको आर्थिक, सामाजिक र राजनीतिकमात्र नभएर साँस्कृतिक क्षेत्रमासमेत हस्तेक्षप बढाएर लगेको छ । साम्राज्यवाद पदावली ल्याटिन भाषा इम्पेरियमको रूपान्तरण हो । यसको अर्थ सर्वोच्च शक्ति अर्थात सैन्य शक्ति वा कुटनीतिबाट देशको शक्ति र प्रभाव विस्तारगर्ने नीतिभन्ने हुन्छ । कमरेड लेनिनले सन् १९१६ मै साम्राज्यवादबारेका भ्रमहरूको चिरफारगर्दै साम्राज्यवाद पूँजीवादको चरम अवस्थाभन्ने पुस्तक लेख्नुभएको थियो । सो पुस्तकमा लेनिनले साम्राज्यवादका बिभिन्न स्वरूपबारे ब्याख्या गर्नुभएको छ । पूँजीवादको विकास भएर साम्राज्यवादमा परिणत हुने प्रक्रिया सन् १८६० देखिनै शुरुभएको मानिन्छ । औद्योगिक क्रान्तिपछि युरोपमा देखापरेको खुल्ला प्रतिस्पर्धामा आधारित पूँजीवाद १९ औं शताब्दीमा पुग्दा उत्कर्षमा पुगेको थियो । कमरेड लेनिनले आफ्नो किताबको भूमिकामा साम्राज्यवाद भनेको मरणासन्न पूँजीवाद अर्थात् समाजवादी क्रान्तिको पूर्वसन्ध्याको पूँजीवाद हो भन्नुभएको थियो । पूँजीवादको एकाधिकारी अवस्थानै साम्राज्यवाद भएको बताउदै उहाँले त्यसका पाँचवटा विशेषताहरूबारे पनि ब्याख्या गर्नुभएको पाइन्छ । जसमा पहिलो उत्पादन र पूँजीको केन्द्रीकरण, एकाधिकारपूर्ण अवस्था विकास । दोश्रो वित्तीय पूँजी र वित्तीय अल्पतन्त्रको विकास । तेश्रो पूँजीको निर्यात चौथो अन्तर्राष्ट्रिय एकाधिकार पूँजीवादी कार्टेलद्वारा विश्व बजारको बाँडफाँड र पाँचौं पूँजीवादी शक्तिहरूबाट विश्वको विभाजन रहेका छन् । आजको २१ औ शताब्दीमा पुग्दा साम्राज्यवाद सबैक्षेत्रमा भूमण्डलीकृत भएर आएको पाइन्छ । आजको विश्वमा साम्राज्यवाद भनेकै अमेरिकी साम्राज्यवाद हो । जसले खासगरी दक्षिण एशियामा आफ्नो साम्राज्य फैलाउने प्रयास गरिरहेको छ र त्यसको केन्द्र नेपाललाई बनाउन खोजेको छ । निचोडमा साम्राज्यवादीहरूको मुख्य नीति फुटाउ र शासन गरभन्ने हो । अमेरिकाले हाल नेपालमा सोही नीतिको प्रयोग गरेर यहाँको आन्तरिक राजनीतिलाई नियन्त्रणमा लिएको देखिएको छ । जसका लागि उसले यहाँको राजनीतिमा मुख्यतः साम्प्रदायिकतालाई हतियार बनाएको देखिन्छ । राजनीति भनेको राज्य सञ्चालनगर्ने, नीति निर्धारणगर्ने र समाजलाई व्यवस्थित, विकसित तथा सुरक्षित राख्ने प्रक्रिया हो । यो शक्ति, नेतृत्व, र जनउत्तरदायी शासनको माध्यम पनि हो । जसको मुख्य उद्देश्य राष्ट्रिय हित र जनताको सेवागर्नु हो । राजनीतिक पार्टी कुनै न कुनै दर्शन, सिद्धान्त र बिचारको आधारमा चलेको हुन्छ । समाजवादी दर्शनले श्रमिक वर्गको पक्षमा काम गरेको हुन्छभने पूँजीवादी दर्शनले पूँजीपतिवर्गको सेवा गर्छ ।

साम्राज्यवादी अमेरिकाले भेनेजुयलाको प्राकृतिक श्रोत, साधन, खनिज तथा तेल कब्जागर्न गरेको आक्रमण र इरान घटना पछिल्ला ताजा उदाहारण रहेका छन् । साम्राज्यवादी नीति कायम रहेसम्म संसारका जनताले सुरक्षा र शान्तिको अनुभूतिगर्न पाउने छैनन् । राज्यको नीति, ब्यवस्थालाई ठीकगरि जनताका लागि अन्य देशप्रतिको कुटनैतिक आदी सम्बन्धलाई ठीक राख्ने व्यवहारगत व्यवस्थानै राजनीति हो । देशका कुनै पनि पार्टीले जनताको लागि राजनीति गरेमा अवश्यनै त्यो सफल र सक्षम मानिन्छ । तर जब त्यसमा साम्राज्यवादी चासोले काम गर्दछ, तब राजनीति देश र जनताका लागि खतर्नाक कुरा हुन्छ । हाल नेपालमा भएको पनि त्यहीनै हो । राजनीतिमा साम्प्रदायिकता भन्नाले धर्म, जाति, भाषा, लिङ्ग, संस्कृति वा समूदायका आधारमा मानिसहरूलाई विभाजितगरी राजनीतिक लाभलिन खोजिने प्रवृत्तिलाई बुझिन्छ । यसले समाजमा आपसी अविश्वास, द्वन्द र हिंसा बढाउने काम गर्दछ । नेपालको सन्दर्भमा ०६३ को परिवर्तनबाट सत्तामा आएकाहरूले जातीयतालाई आफ्नो राजनीतिको हतियार बनाउने प्रयास गरेका थिए । उनीहरूले पहिचानको आबरण दिएर काफि दलसम्म जातीय द्वन्द बढाउने प्रयास गरे । तर करिव २० बर्षमा उनीहरू राजनीतिबाट किनारा लाग्दैगएका छन् । जातीयताको नाराले नेपाली समाजलाई बिभाजित गर्न/गराउन नसकिने भएपछि गत भदौ २३ र २४ को घटना र त्यसपछिको परिवर्तनपछि उमेर समूहलाई प्रयोग गरेर नेपालीहरूलाई बिभाजन गराउने प्रयास थालिएको छ । उमेरको राजनीतिले बिचारको राजनीतिलाई चुनौती दिएको छ । तर त्यसका पनि असफलताका प्रारम्भिक संकेतहरू देखिनथालेका छन् । राजनीतिमा बिचार सबैभन्दा प्रधान पक्ष हुन्छ । त्यसमा साम्प्रदायिकताको प्रयोग गरियोभने त्यसले विकास र राष्ट्रिय एकतामा अवरोध पुऱ्याउँछ । राजनीतिमा साम्प्रदायिकता भन्नाले बिचार पक्षलाई नकारेर धर्म, जाति, भाषा, लिङ्ग वा क्षेत्रको नाममा नागरिकहरूलाई विभाजितगरी सत्ता प्राप्तगर्ने वा शक्ति सञ्चयगर्ने प्रवृत्तिलाई बुझिन्छ ।

केही संसदवादी नेताहरूले चुनाव जित्न वा आफ्नो प्रभुत्व कायम राख्न साम्प्रदायिक नाराहरू प्रयोगगर्ने गर्छन् । नेपालमा हालसम्म गरि पनि रहेका छन् । जसलेगर्दा समाजमा अविश्वास र द्वन्द बढाउने काम भएको छ । त्यसैगरी साम्प्रदायिकता सत्ता प्राप्तिको एक अस्त्र बन्न पुगेको छ । जहाँ राष्ट्रिय हितभन्दा साना समूहको स्वार्थलाई प्राथमिकता दिइन्छ । आम जनतालाई ससानो विषयमा विभाजित गरेर भोट बैंककारूपमा प्रयोगगर्ने प्रवृत्ति हाल नेपालको राजनीतिमासमेत व्याप्त छ । त्यसैगरी विविधतापूर्ण नेपाली समाजमा साम्प्रदायिक राजनीतिले सद्भाव खलबल्याउने र राष्ट्रिय एकता कमजोर पार्ने काम गरिरहेको छ । जब कुनै राजनीतिक शक्ति वा समूहले आफ्नो समुदायलाईमात्र श्रेष्ठ ठान्छ र अन्य समुदायप्रति घृणा, भेदभाव वा विरोध फैलाउँछ, त्यसलाई साम्प्रदायिक राजनीति भनिन्छ । त्यसमा धर्म वा जातीय पहिचानलाई राजनीतिक हतियारकारूपमा प्रयोगगर्ने गरिएका विश्वमा अनेक उदाहारणहरू रहेका छन् । छोटकरीमा भन्ने होभने साम्प्रदायिकता मुख्यत जनपक्षीय राजनीतिका लागि ठूलो चुनौती हो । यसले समाजलाई विभाजितगरी शान्ति र विकासमा बाधा पुऱ्याउँछ ।

त्यसैले समानता, सहिष्णुता र राष्ट्रिय एकतालाई प्राथमिकता दिएर साम्प्रदायिक शोचको विरोधगर्नु आवश्यक हुन्छ । समाजमा ब्याप्त साम्प्रदायितालाई कमगर्न राजनीतिक दलहरूले नीति र सिद्धान्तमा आधारित राजनीति गर्नुपर्ने, विकास र सुशासनलाई जोड दिनुपर्ने र मतदाताहरू पनि आफ्ना उम्मेदवारहरूको क्षमता र एजेन्डाप्रति सचेत गराउनुपर्ने आवश्यकता छ । पछिल्लो समयमा नेपालमा अमेरिकीहरूले बिभिन्न पार्टीमा घुसपैठ गरेरमात्र नपुगी पार्टीनै खोलेर सञ्चालनगर्न थालिसकेको देखिएको छ । यहाँ विदेशी हस्तक्षेप बढेकै कारणले नेपालको राष्ट्रियता, सार्वभौमता र अखण्डता संकटमा परेको अवस्था छ । नेपालमा पुराना र स्थापित राजनीतिक पार्टीहरूलाई बद्नाम गराउने र सकेसम्म राष्ट्रिय राजनीतिबाट किनारा लगाउने काम पनि उनीहरूलेनै गरिरहेका छन् । बिगत ५०-६० वर्षदेखि क्रियाशील पार्टीहरू हाल बद्नाम भएर असहज अवस्थामा पुग्नुको कारण पनि नेपालमा बढ्दो विदेशी हस्तक्षेप र पार्टीहरूमा उनीहरूको घुसपैठ बढ्नुनै हो । दलहरू बद्नाम हुनुको पछाडि जनताको कमजोरी होइन, दलका नेताहरूकै कमजोरी रहेको छ ।

मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) सम्झौता नेपालको संसदबाट पारित गराउन कुन कुन दलले कसरी भूमिका निर्वाह गरेका थिए ? भन्ने सबैलाई थाहा छ । आज तिनै दलहरू क्रमशः किनारा लाग्दैगएको पनि सबैले अनुभव गरेका छन् । जसको मुख्यकारण साम्राज्यवादी शक्तिसँगको संलग्नतानै हो । नेपालमा एमसीसी पारित भएपछि अमेरिकी सक्रियता र चासो बढेको छ । यो वैदेशिक हस्तक्षेपको स्पष्ट उदाहारण हो । यस्तो अवस्थामा देशको सार्वभौमसत्ता र भौगोलिक अखण्डताको रक्षागर्न नेपाली जनतालाई जागरुक गराउनुपर्ने आवश्यकता रहेको छ । जसका लागि नेपाली समाजमा ब्याप्त गराइएको साम्प्रदायिक भावनालाई कम गराउन जनपक्षीय पार्टी र शक्तिहरूले भूमिका निर्वाह गरेको हुनुपर्दछ । देशको बिद्यमान संकट समाधानका लागि नेपाली विशेषताको राजनीतिक ब्यवस्थाको स्थापना हुनुपर्दछ । जसका लागि फेरी तेश्रो संविधान सभाको निर्वाचन गराएर बिधि र पद्धतिको प्रयोगद्वारा स्वतन्त्र र निष्पक्षरूपले नयाँ जनसंविधानको निर्माण गर्नु/गराउनु सबैभन्दा उत्तम बिकल्प हुनसक्छ ।

यसअघि झण्डै साँढे आठ बर्षको समय र ३० अर्ब रूपैयाँ खर्च गरेर बनाइएको ०७२ को संविधान घोषणा भएको १० बर्ष बित्दा पनि पूर्णरूपमा कार्यान्यवन हुननसक्नुले धेरै कुराहरू स्पष्ट गरेका छन् । नेपालमा कतिपय पार्टीहरूले कम्युनिष्ट पार्टीले प्रयोगगर्ने शब्द र एजेण्डालाई उग्ररूपमा अगाडि सारेर त्यसको ठीक बिपरितका गतिबिधि गरेका कारण देश हालको अवस्थामा पुगेको हो । हालको अवस्थामा सबै पार्टीले आफ्नो पार्टीको बिचार, दर्शन र विधानलाई अक्षरस पालना गरेर अगाडि बढ्ने प्रयास गरेको खण्डमा साम्राज्यवादी हस्तक्षेपमा कमी आउनुकासाथै देशको राजनीति जनपक्षीय ढंगले अगाडि बढ्छ । बस्तुगत स्थितिको बस्तुगत बिश्लेषण र त्यसबाट प्राप्त निचोडका आधारमा अगाडि बढ्ने पद्धतिनै आजको आवश्यकता हो । जसप्रति सबैले यथासमयमै ध्यान दिनुपर्दछ ।

कुन ऐन, कानुनअनुसार नागरिकको निगरानी गरेको हो ? भन्दै सेनासँग जवाफ माग

काठमाडौं । अधिवक्ता जस्मिन ओभाले भद्राकालीस्थित नेपाली सेनाको हेडक्वार्टरलाई पत्र लेख्दै नेपाली सेनाले संविधानको कुन ऐन,कानून,नियम,विनियम, कार्यविधि र निर्देशनबमोजिम नागरिकको निगरानी गर्न लागेको हो ? जङ्गी अड्डासँग जवाफ माग गरेकी छन् । भदौ २४ गते देशभर विध्वंश मच्चिरहँदा पनि फिल्डमा नउत्रिएको सेना अघिल्लो शनिबार थापाथलीस्थित सुकुम्बासी बस्तीमा डोजर चल्दै गर्दा घेरबन्दीको लागि परिचालन भएको दृश्य देखिएपछि विभिन्न टिकाटिप्पणी शुरु भएको थियो । तर जङ्गी अड्डाले भने वैशाख ११ गते एक विज्ञप्तीमार्फत त्यस्ता टिकाटिप्पणीमा विश्वास नगर्न आग्रह गर्दै भनेको थियो, 'नेपाली सेना र सम्बन्धित निकायहरूले यस किसिमका उच्छृङ्खल तथा अराजक गतिविधिहरूको नियमित निगरानी गरिरहेको

हुँदा त्यस्ता कार्य गर्ने व्यक्तिहरू प्रचलित कानुनको दायरामा रहने ब्यहोरासमेत स्मरण गराइन्छ ।'

'नेपाली सेनालाई विज्ञप्तिमा उल्लेख भएबमोजिम जनताको कुनै पनि किसिमको गतिविधि नियमित निगरानी गर्ने अधिकार कुन ऐन,कानून, नियम,विनियम,कार्यविधि, निर्देशनबमोजिम उपलब्ध भएको हो सोको स्पष्ट जानकारी गराइदिन हुन अनुरोध छ । सो कानूनको प्रतिलिपीसमेत संलग्न गरिदिनु हुन अनुरोध छ।'

उक्त पृष्ठभूमिमा अधिवक्ता ओभाले पनि जङ्गी अड्डासँग कुन ऐन र कानूनको आधारमा सेनाले नागरिकको निगरानी गर्न लागेको हो ? भनी प्रश्न गरेकी हुन् । सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ३ र दफा ७ अनुसार उनले जङ्गी अड्डालाई भनेकी छन्, 'नेपाली सेनालाई विज्ञप्तिमा उल्लेख भएबमोजिम जनताको कुनै पनि किसिमको गतिविधि नियमित निगरानी गर्ने अधिकार कुन ऐन,कानून, नियम,विनियम,कार्यविधि, निर्देशनबमोजिम उपलब्ध भएको हो सोको स्पष्ट जानकारी गराइदिन हुन अनुरोध छ । सो कानूनको प्रतिलिपीसमेत संलग्न गरिदिनु हुन अनुरोध छ ।'

युवा अभियन्तासमेत रहेकी ओभाले उक्त विज्ञप्तीमा हस्ताक्षर गर्ने सैनिक अधिकृतको सक्कल परिचयसमेत मागेकी छन् । अघि लेखेकी छन्, 'सो विज्ञप्तिमा कसले सही गरेको हो भनी उल्लेख नभएको हुँदा उल्लेखित हस्ताक्षर गर्ने नेपाली सेनाकै सकल दर्जाको व्यक्ति हो वा होइन,सो व्यक्ति नेपाली सेनाको सकल दर्जाको व्यक्ति भए नाम,पद र कुन हैसियतले हस्ताक्षर गरिएको हो खुलाइदिनु हुन र होइन भने सो व्यक्तिको परिचय के हो नेपाली सेनाको सकल दर्जामा दर्ज नभएको व्यक्तिले नेपाली सेनाको विज्ञप्तीमा कुन कानूनी हैसियतले हस्ताक्षर गरेको हो, स्पष्ट खुलाईदिनु हुन अनुरोध छ ।'

फासिवादको जगजगी

● सन्तबहादुर नेपाली ●

गत वैशाख १८ गतेदेखि काठमाडौंका नदी किनाराका थापाथली, मनोहरा, शंखमूल लगायतका क्षेत्रमा बसेका सुकुम्बासी वस्तीमा एक्कासी डोजर चल्न थाले र २/३ दिन मै बस्ती उजाडियो। हजारौं सुकुम्बासीहरूलाई आफ्नो सामान पनि पैक गर्न दिई त्यहाँबाट उठाएर लगियो। केही टाठाबाठाहरूले मात्र आफ्ना आवश्यक सामान बचाएर साथमा लगे। यति बेला नवनिर्वाचित प्रधानमन्त्री बालेन साहले चलाएको डोजर आतंकबारे व्यापक बहस भइरहेको छ। कतिपयले सार्वजनिक जग्गा खाली गराउनु सरकारको सही कदम बताइरहेका छन् भने कतिपयले बैकल्पिक व्यवस्था नगरी सुकुम्बासीहरूलाई आफ्नो घरबाट उठाउन नहुने बताइरहेका छन्।

काठमाडौंका नदी किनाराका सुकुम्बासी बस्ती खाली गराउनका लागि यस अघिका सरकारहरूले पनि पटकपटक प्रयास गरेका थिए। बाबुराम भट्टराईको पालामा त वैकल्पिक व्यवस्था पनि गरिएको थियो। तर वैकल्पिक वासस्थानमा सुकुम्बासीहरू जान मानेनन्। त्यो कार्यक्रम पनि त्यतिकै अलपत्र रहन गयो। अहिले बालेन साहले फरक ढंगले बस्ती खाली गराउँदैछन्। सुकुम्बासीहरूलाई एक दुई दिन अघि सूचना जारी गर्ने, त्यो पनि शनिबार र आइतबारको विदाका दिनअगाडि, अनि डोजर चलाउन शुरु गर्ने। सामाजिक संजालमा आएका रिपोर्ट अनुसार अत्यन्त निर्दयी तरिकाले डोजर चलाइएको छ। सुत्केरी, बृद्ध बृद्धा, बच्चाहरूलाई उचित व्यवस्थापनको तयारी नगरी जवरजस्ती गाडीमा राखेर होल्डिङ सेन्टर तर्फ लगिने गरिएको छ। उनीहरूको सामान्य आवश्यकता पनि पूरा नगर्ने, प्याकेटका खाना ल्याएर दिने गरिएको छ। अहिले त होल्डिङ सेन्टरको समाचार बाहिर लैजान नपाउने गरिएको छ। एक्कासी आएको यो डोजर आतंक सहन नसकी दुई जना नागरिकले आत्महत्या समेत गरिसकेका छन्। सरकारले सुकुम्बासी र हुकुमबासीलाई छुट्याउने, वर्षाको बाढीबाट सुकुम्बासीहरूलाई जोगाउने, वास्तविक सुकुम्बासीलाई उचित व्यवस्थापन गर्ने भन्ने गरेको छ। त्यो वाहियात कुरा हो। किनभने यदि त्यसो गर्नका लागि थियो भने पनि सुकुमवासीहरूलाई हटाउनका लागि पनि पूर्व तयारी गरेर उनीहरूलाई हटाउने निश्चित समय तोक्न सकिन्थ्यो। आफूले दुःख गरेर जुटाएका सामान लैजान पाउनु पर्थ्यो। सरकारले त्यसो गरेन। सुकुम्बासी वा हुकुमबासी मध्ये थोरैले मात्र आफ्ना भाँडाकुँडा, लताकपडा जोगाउन पाएका छन्। यसप्रकारको सरकारको आतंकपूर्ण कार्य मानवता र नागरिकको संवैधानिक अधिकार तथा मानवअधिकारको समेत विपरीत भएको छ। ती वस्तीहरूमा जनताको ठूलो रकम फसेको छ। कैयौं सुकुम्बासीले त नगद पैसा खर्च गरेर छाप्रो खरिद गरी बसोबास गरेका छन्। अहिले उनीहरूसँग न छाप्रो छ , न साथमा पैसा छ। सरकारले पुनर्स्थापना गर्ने भने पनि कहाँ र कस्तो जग्गामा गर्ने भन्ने ठेगान छैन। सरकारले सबै पालिकाहरूलाई खाली जग्गाको व्यवस्था गर्न भनेर पत्राचार गरेको छ। तर त्यसको कुनै ग्यारेन्टी छैन। यदि कुनै पालिकाले जग्गा उपलब्ध गरायो भने पनि त्यहाँ रोजगार, शिक्षा, स्वास्थ्य, पानी, सडक, विजुली, यातायात उपलब्ध हुने कुनै ग्यारेन्टी छैन।

यस्तो विनायोजना, विना तयारी र विना सहमति नागरिकहरूलाई पशुलाई जस्तो गरेर सरकारले व्यवहार गऱ्यो। त्यो निन्दनीय र भर्त्सनायोग्य छ। अहिले जनता बालेन विरुद्ध नाराबाजी गर्दै सडकमा आएका छन्। तिनै जनता हुन, जसले "चुपचाप घण्टीछाप" भन्दै घण्टी पार्टीलाई जिताएका थिए। स्वयं घण्टी पार्टीका उम्मेदवारहरूले खास गरेर वालेन र रवि लामिछाने सुकुम्बासी बस्तीमा डोजर चलाइदैन, चलाइयो भने सबैभन्दा पहिले "म छाती थाप्ने छु" भनेर विश्वास दिलाएका थिए। आज नेताहरू आफैले जनतासित विश्वासघात गरेका छन्। कुनै दार्शनिक, राजनैतिक, आर्थिक विचार नभएका, गफाडीहरूका पछि लागेर जनताले विश्वास गर्नुको परिणाम यही हो।

देशको शासन गलत शक्तिका हातमा गएको छ। सुकुम्बासीको कुरा मात्र होइन, संगठन गर्ने जनताको अधिकार खोसिएको छ, विवादित राष्ट्रिय परिचयपत्रलाई ट्रेसिङयोग्य एकल आधार प्रमाणपत्र बनाईदैछ। विना पूर्व तयारी सीमा क्षेत्र नियमनका नाममा भारतीय बजारबाट सामान ल्याउन बन्द गरिएको छ, युगौंदेखि सीमावर्ती क्षेत्रका जनता सीमा पारी गएर सामान ल्याउँथे। एक्कासी बन्द भएपछि जीवन कष्टपूर्ण भएको छ। नेपाली सेनालाई सुकुम्बासीलाई मनोवैज्ञानिक ढंगले आतंकित गर्नका लागि सडकमा उतारिएको छ। संसद अधिवेशन बोलाएर पनि त्यसलाई स्थगित गरी एकाएक ६/७ वटा अध्यादेशहरू जारी गरिदैछ। त्यसका लागि राष्ट्रपतिलाई ठूलो दबाव हालिएको छ। यी सबै कुरा लोकतान्त्रिक व्यवस्थामा गरिने कुरा होइनन्। यो सीधै तानाशाही शैली हो, यो फासिवादी नीति हो। लोकतान्त्रिक पद्धतिका आधारमा निर्वाचित भएको पार्टीले लोकतन्त्र कै घाँटी निमोठ्न थालेपछि संविधान प्रदत्त मौलिक अधिकार जीवित रहन्छन् भन्ने के ग्यारेन्टी छ ? यी सबै तथ्यले के बताउँछन् भने रास्वपाको सरकारले देशमा फासिवादलाई स्थापित गर्दैछ।

फासिवाद बाहिरबाट घोषणा गरेर आउने होइन। फासिवादीहरू निर्वाचित भएरै जनताको अभिमत लिएर आउने गरेको इतिहास छ। हिटलरले नाजी पार्टीको नामबाट निर्वाचनमा जनताबाटै चुनिएर बहुमत प्राप्त गरेको थियो। उसले गोरा आर्यनहरू सर्वश्रेष्ठ जाति हुन् भन्थ्यो। अन्य जातिमाथि आर्यनहरूले शासन गर्नुपर्छ भन्ने विचारप्रति जर्मनहरूको व्यापक समर्थन थियो। त्यही समर्थनकै कारण जर्मनीमा नाजी पार्टीले बहुमत प्राप्त गऱ्यो र पछि गएर फासिवादी शासन चलायो। हिटलरले ६० लाख यहुदीहरूलाई खुलेआम माऱ्यो। तर पछिल्लो कालमा श्रीमती सहित आफैलाई गोली हानेर आत्महत्या गऱ्यो। नाजी पार्टी पनि समाप्त भयो।

हाम्रो देशमा बालेनको फासिवादको उदय भएको छ। जनताको समर्थन प्राप्त गर्न भ्रष्टाचार उन्मूलन,अवैध सम्पत्ति छानवीन, हुकुमवासीहरूको उठिवास, भ्रष्ट मन्त्रीको बर्खास्तदगी जस्ता कुराले बालेनले प्रशंसा पाएका छन्। उनले गरेका ती कामहरूको विरोध गर्नुपर्ने कुनै कारण छैन। सुकुम्बासी प्रकरणमा पनि वास्तविक सुकुम्बासीको छनोट गर्ने र घर जग्गा दिने कुराको विरोध गर्नुपर्ने छैन। तर सार्वभौम नागरिकको अपमान र अधिकारको हनन् गर्ने कुरालाई न्यायोचित मान्न सकिन्न। त्यसको जोडदार विरोध गरिनुपर्छ। त्यो लज्जास्पद र आतंकपूर्ण छ। जनतालाई पुलिस र सेनाको घेराभित्र हालेर भयभित पारिएको छ। अहिले लिपुलेक हुँदै मानसरोबर जाने सडकबाट चीन र भारतले व्यापार शुरु गर्ने जुन तयारी गरेका छन्। त्यसबारे सरकारले असहमति जनाउँदै कुटनैतिक पत्र पठाएको छ। त्यो सकारात्मक पक्ष हो। विदेशमा जम्मा गरेको पुँजी नेपाल फिर्ता ल्याउन जुन तयारी गरेको भन्ने सुनिन्छ, त्यो पनि सकारात्मक छ। अन्य कतिपय सुधारका कार्यक्रम, जो जनताको हितमा छन्, त्यसलाई पनि सकारात्मक नै मान्नु पर्छ। तर कुरो त्यति मात्र भै दिएको भए सरकारको विरोध गर्नुपर्ने आवश्यकता थिएन। तर यी सबै सुधारहरूका पछाडिको नियत सरकारले आफ्नो फासिवादी नीति तथा कार्यलाई लुकाउने चाल चालिरहेको छ। यस्ता शासकले कतिपय अवस्थामा अन्धराष्ट्रवादको नारामा जनतालाई आकर्षित गर्ने काम पनि गर्छन्। वालेन साह काठमाडौंको मेयर पद जितेपछि ग्रेटर नेपालको नक्सा कार्यकक्षमा राखेका थिए। भारतीय फिल्म "आदि पुरुष" लाई काठमाडौंमा प्रदर्शनमा रोक लगाएका थिए। यद्यपि त्यो काम सही वा गलत के थियो ? त्यो छुट्टै विषय हो। तर त्यसमा लुकेको नियत अन्धराष्ट्रवाद हो। एकातिर अन्धराष्ट्रवादी चिन्तन, अर्कोतिर जनअधिकारमाथि प्रहार, यो सामान्य कुरो होइन।

सुधारको काम गर्नु नै ठूलो कुरा होइन, मूलकुरा त्यो सुधार कुन जगमा टेकेर गरिएको छ ? भन्ने हो। राजा महेन्द्रले पनि भूमिसुधार, छुवाछूत विरोधी कानुन, गाउँफर्क अभियान ल्याएका थिए। तत्कालीन राजा वीरेन्द्रले नयाँ शिक्षा लागु गरेका थिए। शेरबहादुर देउवाले ०६३ सालमा "छुवाछूत मुक्त राष्ट्र" घोषणा गरेका थिए। बाबुराम भट्टराईको पालामा काठमाडौंका सडक फराकिलो पार्ने, ३० हजारसम्मका बैंक ऋण मिनाह गर्ने जस्ता सुधारका काम गरेका थिए। वालेनले सुधारका सय बुंदे कार्यसूचीमा एसपीपी नल्याउने, टीओवी, हामी नेपाल, अमेरिकन युथ काउन्सिल जस्ता संस्थालाई खारेज गर्ने, जस्ता काम गरेका भए उनीप्रति शंका गर्नुपर्ने थिएन। तर उनले कार्यसूचीमा त्यो जनता र राष्ट्रको हितको कुरा ल्याएनन्। एमसीसी खारेज गर्ने कुरा गर्दैनन्। अमेरिकी सेनासित नेपाली सेना सहकार्य र त्यसका लागि क्षेत्र छनौट भइरहेको आदि कुरालाई उनी विरोध गर्दैनन्। गत भाद्र २४ गतेको महाविध्वंशका लागि जिम्मेवार व्यक्तिलाई कार्वाही गर्ने कुरा गर्दैनन्। त्यसकारण उनले गर्दै आएको सुधार निश्चित उद्देश्य सहित आएको कुरामा शंका छैन।

देश अब फासिवादतिर अगाडि बढिसक्यो। संसदको पनि अब काम छैन। जनताले चुनेका जनप्रतिनिधिले छलफल गर्दा कुन सांसद के बोल्छ भनेर जनताले सांसदको मूल्यांकन गर्थे, जनताले आफ्नो समस्याको बारेमा बोल्न लगाउँथे। त्यो अब आवश्यक भएन। कानुन निर्माण पनि अध्यादेशबाटै हुने भयो। संसदले कानुन निर्माण गर्नुपर्ने आवश्यकता परेन। सबै काम प्रम बालेनको इच्छामाथि निर्भर हुने भयो। यी सबै फासिवादको शुरुवात हुन्। अहिलेसम्म सरकारले ट्रेड युनियन लगायत जनवर्गीय संगठनमाथि प्रतिबन्ध लगाएको छ। भोलि अनुकूल परिस्थिति तयार हुँदा दलहरूमाथि पनि प्रतिबन्ध लगाउन सक्ने सम्भावनालाई इन्कार गर्न सकिन्न। आशा गरौं, त्यस्तो नहोस्। तैपनि जनता अब फासिवादको खतराप्रति सचेत हुन आवश्यक छ। जुन शक्तिले रास्वपालाई यो ठाउँमा पुऱ्यायो, त्यो शक्तिले फासिवाद लागु गर्न पनि सहयोग नगर्ला भन्न सकिन्न। प्रधानमन्त्री बालेन शाहको सुकुम्बासी उठाउने कदमदेखि लिएर सडकमा सेना उतार्नेसम्मका कामहरू फासिवादको पूर्वतयारी हो। यो बाहिर सुधार, अन्तर्यमा फासिवादको अभ्यास हो।

एकपटक...

अधिनायकबाद भन्दा फरक छ।

शोषीतबर्गहरूको चाहाना र इच्छामा आधारीत क्रियाकलापहरू यसको देखाउने दाँत वा ऐना हो। फासिज्म ग्रामीण तथा शहरी निम्न पूजिपतिबर्गहरूका त्यस्ता राजनैतिक समूहहरूको समर्थनमा निर्भर गर्दछ जसका भौतिक आधारहरूलाई बिकसित भइरहेको पुँजीवादद्धारा बेवास्ता गरिएको हुन्छ।

फासिज्मले जनसंख्याको तल्लो बर्गका मानिसहरूको समर्थन पनि प्राप्त गर्छ। यस्ता जनसंख्याको बढदै गएको सामाजिक असन्तुष्टीहरूलाई फासिज्मले उनीहरूलाई राज्य नियन्त्रीत पुँजीवादको पकडलाई कस्न प्रयोग गर्छ। फासिज्म बिश्व आर्थिक र राजनैतिक संकटको एउटा प्रतिक्रिया स्वरूप १९१७ को माहान अक्टुबर समाजबादी क्रान्तिको एउटा महत्वपूर्ण तर नकारात्मक उपलब्धिको रूपमा १९२० को शुरुका बर्षहरूमा देखा परयो। त्यसको लगत्तै फासिज्म एउटा शक्तिशाली र सबै प्रगतिशील मानबताको खतराको शत्रुको रूपमा बदलियो। सबभन्दा महत्वपूर्ण त अन्तराष्ट्रीय सर्बहारावर्ग र मजदुरवर्गहरूको आन्दोलनको बिरुद्ध जाइ लाग्यो। फासिज्मले आफनो उत्पत्तिको पहिलो बर्षमानै इटाली, बुल्गेरीया र अन्य कैयौ युरोपियन देशहरूमा भएका सर्बहाराबर्गका बिद्रोहहरूको दमनमा बगेको रगतमा पौडी खेल्यो।

जुन सुकै देशमा भएता पनि फासिज्म ती देशहरूमा सत्तामा आउन सफल भएन तर हतियारबन्द समूहहरूको रूपमा यसले बामपन्थी दलहरू र तिनका समर्थकहरूलाई आतङ्कीत गराउने र गृहयुद्धको बाताबरण बनाउने शक्तिको रूपमा काम गर्ने अनौपचारीक प्रतिर्क्रान्तिकारी कार्यदल बन्यो।

जब जर्मनमा फासिज्म सत्तामा आयो, यो युरोपियन देशहरूको लागि मात्रै नभै बिश्वकै प्रजातान्त्रीक शक्तिहरूका लागि एउटा कालजन्य डर भयो। फासिष्ट शक्तिहरूको यो दमनकारी डर, त्रासले स्वतन्त्रता र भरखरै अस्तित्वमा आएका धेरै युरोपियन देशहरू र अन्य जनताहरू र त्यसले गर्दा सम्पूर्ण मानब सभ्यताको अस्तित्व माथिनै कालो बादल मडारीन गयो।

दोस्रो बिश्वयुद्धको दौरानमा फासिष्ट शक्तिहरूको हारको अर्थ हुन्थ्यो फासिज्मको अन्त्य, तर पनि केही पुँजीवादी देशहरूमा शासकबर्गहरूले फासिष्ट शासनलाई जोगाइ राख्न सफल भए। कम्युनिस्ट आन्दोलन बिरोधी झुकाव भएकोले सित युद्धको समयमा सित युद्धले फासिष्ट शासनलाइ पुनः शक्ति दिने काम गरयो। बर्तमानमा धेरै पुँजीवादी देशहरूमा अति दक्षिणपन्थी संघसस्थाहरू र आन्दोलनहरू फासिष्ट अथवा अर्ध फासिष्ट झुकाव भएका देशहरूमा अस्तित्वमा छन।

आधुनिक अबस्थाहरूमा आफूलाई संचालन गर्न सक्षम हुन फासिष्ट शक्तिहरू स्वभाबत नयाँ अनुहारमा खडा हुनु परेको छ।

त्यसैले गर्दा आधुनिक फासिज्म सबै जसो "नयाँ फासिज्म" को रूपमा चिनिन्छन। नयाँ रूपमा आएको बर्तमानको फासिज्ममा दुइ प्रकारका झुकावहरू पाइन्छन। पहिलो केबल थोरै मात्रामा परिवर्तन गरिएको रूपान्तरीत फासिष्ट आन्दोलन हो, जसले १९३०–१९४० को दशक तीरको जर्मन राष्ट्बादी समाजबाद र इटालिएन फासिज्मका तरीकाहरू र सिद्धान्तहरूबाट जुन जुन सम्भव हुन्छ, सुरक्षीत राख्न कोशीस गरीरहेको छ। यसमा बिभिन्न देशहरूका फासिष्ट समूहहरू, अन्तराष्ट्रीय नयाँ फासिष्ट केन्द्रहरूको वोरीपरी निर्भर रहन्छन। यस्ता प्रकारका फासिष्ट संघसंस्थाहरूले आफूलाइ प्रचारप्रसार देखि टाढै राख्न मनपराउदछन र उनीहरूको काम गर्ने तरीका भूमिगत वा अर्धभूमिगत रूपमा हुन्छ। तिनीहरूको बिगतको अपराधीक गतिबिधीसंगको ज्यादै घनिष्टताले गर्दा उनीहरूलाइ आफना पुराना समर्थकहरूको साँघुरो घेरालाइ बिस्तार गर्न र जनसंख्याको बिशाल क्षेत्रलाई आकर्षित गर्नबाट रोकिराखेको छ। उनीहरूको भइरहेका सदस्यहरूको द्रुत गतिको बढदो बुढयौली र उनीहरूका नयाँ सदस्यहरूको आकर्षण नहुनुले गर्दा पनि यस्ता संघसस्थाहरूको राजनैतिक भबिस्य साँघुरीदै तिनीहरूलाइ दोस्रो वा तेस्रो दर्जाको एजेण्टको स्तरमा गिराउदै लगेको छ। दोस्रो प्रकारको नयाँ फासिष्ट झुकाव यो भन्दा ज्यादा खतरायुक्त छ जसले आफनै कारणले मृत्यु सैयामा गइरहेको आधुनिक पुँजीवादी समाजका कमी कमजोरीहरूबाट फाइदालिन कोशीस गरीरहेको छ। यस्तो झुकाव भएका नयाँ फासिष्ट दलहरू वा संघसस्थाहरूले संसदीय संस्थाहरू र कानुनी तरीकाहरू प्रति देखावटी समर्थन जस्तो प्रकट गर्दै गैर कानुनी तथा अर्धकानुनी तरीकाहरूलाइ मिसाएर लगेको पाइन्छ। तिनीहरूले आधुनिक समस्याहरूलाई राम्रो संग आत्मसात गर्दछन र आफूलाइ बर्तमानको आगन्तुकको रूपमा आफूले आफनै बिज्ञापन गरेर प्रस्तुत गर्छन। लगातारको काम र प्रयासद्धारा उनीहरूले पुँजीवादी ब्यबस्थामा आइरहेको सन्चो हुनै नसक्ने अल्सर र बैज्ञानीक तथा प्राबिधीक क्रान्तिको कारणले ल्याउने परिणाम स्वरूप परम्परागत सामाजिक संरचनाहरू भत्किदै छन भन्ने बिश्वास दिलाउने कोशीस गरीरहेका छन। यस्ता दलहरू र संघसंस्थाहरू मध्य उदाहरणको लागि संयुक्त राज्य अमेरीकामा भएका बिभीन्न प्रकारका अति दक्षिणपन्थी आन्दोलनहरू, मोभीमेन्टो सोसीयल इटालीयनो र यस्तै प्रकारका अन्य छन। यी कार्यशैलीहरूले यस्ता संघसंस्थाहरूलाई एउटा प्रभावशाली शक्तिको रूपमा उपस्थिति रहीरहन सहयोग गर्छ जसले आ-आफना देशहरूका राजनैतिक बाताबरणलाई निर्धारीत गर्दछ।

नयाँ फासिज्म एकदमै प्रतिक्रियाबादी पुँजीवादी समूहसंग आधारीत हुन्छ र तिनीहरूद्धारा बढीरहेको प्रजातान्त्रिक आन्दोलनहरू र सर्बहारावर्गका क्रान्तीकारी संघ सस्थाहरूलाई प्रतिसन्तुलन गर्न र अथवा सामाजीक राजनैतीक संकटहरूको संचालनको लागि एउटा आपातकालीन बारुण यन्त्रको रूपमा हेरिन्छ। जसको फलस्वरूप नयाँ फासिष्ट दलहरू र संघ सस्थाहरू यद्धेपी तुलनात्मक रूपमा स-साना छन तर तिनिहरूले आफूलाइ बिशाल आर्थिक श्रोतहरूको हैसियत राख्दछन र राज्य प्रशासनको कुनै क्षेत्रबाट संरक्षित रहन्छन।

१९६०–१९७० को दशकमा यसले आफनो केही प्रभाव गुमाएको भएता पनि नयाँ फासिष्टमा अझैपनि धेरै देशहरूको राजनैतिक बिकासमा एउटा सम्भाबीत खतरा रहीरहेको छ। कामदारहरूको क्रान्तीकारी आन्दोलन र सामान्य प्रजातान्त्रिक आन्दोलन दुबैको लागि नयाँ फासिज्मको बिरुद्ध लडनु अझैपनि एउटा प्रमुख कार्य रहेको छ।

२ बिभीन्न देशका फासिज्म र फासिष्टहरूको बिबरण र ब्याख्या

क. इटालियन फासिज्म – जसलाई मुसोलिनीको फासिन्म भनिन्छ

प्रथम बिश्वयुद्ध पछि इटलीमा प्रथम फासिष्ट आन्दोलनको बिकास भयो। बेनितो मुसोलिनी, जो एउटा पत्रकार र युद्ध बिजेता थियो, उसले यो नयाँ खालको आन्दोलनको पछाडीको नेतृत्वदायी शक्तिकोरूपमा काम गरयो। शुरुको मार्क्सबादी मुसोलिनीले १९१९ तीर आएर आन्तराष्ट्रीय क्रान्तिको भन्दा राष्ट्रिय क्रान्तिको आबस्यकता छ भन्नेमा आफू बिश्वस्त भएको बतायो। तर त्यस्तो आन्दोलनलाई अगाडी बढाउन सक्ने उपयुक्त खालको माध्यम, जसले लोककल्याणकारी क्रान्तिकारी शक्ति वा उर्जा प्रदान गरोस, भेट्टाउन असमर्थ भयो। सर्बप्रथम उसले इटालियन समाजबादी दललाई लियो र यसको पत्रिका 'फरवार्ड ' को सम्पादन गरयो। तर १९१४ मा जब युरोपमा युद्ध छेडीयो, त्यो युद्धलाई मुसोलिनीले राष्टबादी शक्ति वा उर्जामा बदल्ने एउटा मौकाको रूपमा देख्यो र नयाँ राष्ट्र निर्माणको निम्ति आबस्यक पर्ने त्याग र बीरताको भाबनाको बिकास गर्न थाल्यो। उ यसरी हस्तक्षेपकारी अभियानमा जुटयो, जसले इटलीलाई युद्धमा लाग्न दबाव दियो।

१९१४ मा जब इटलीका नेताहरू युद्धमा लाग्ने निर्णय गर्ने बारेमा सोच्दै थिए, मुसोलिनीले इटिलिलाई युद्धमा लाग्ने प्रोत्साहन गर्न इटलीका जनताको नाममा पत्रिका प्रकाशन गर्न शुरु गरयो। १९१५ मा जब इटलीले जमर्नी र अस्ट्रीया–हंगेरीको बिरुद्धमा युद्धको घोषणा गरयो, मुसोलिनीले आफनो पत्रिका 'इटलीका जनता' लाई इटालियनहरूलाई आफनो देशको परिबर्तन र बिकासको लागि युद्ध महत्वपूर्ण छ भन्ने तर्फ आकर्षित गराउन प्रयोग गरयो। मुसोलिनीको तर्क थियो की जब युद्ध मैदानको अघिल्लो पंक्तिमा लडीरहेका सेनाहरू युद्ध मैदानबाट फर्कनेछन, तिनीहरूले एउटा नयाँ सभ्रान्त बर्ग गठन गर्ने छन र एउटा नयाँ किसिमको राज्य निर्माण हुनेछ, र यसले इटालियन समाजलाई रूपान्तरण गर्ने छ। यस्तो नयाँ सभ्रान्त खालको भातृत्व र देशभक्तिको भाबनाको बिकास हुनेछ र समाजका प्रत्येक भागमा आँधीबेहरी ल्याउने खालको परिबर्तन लागु हुनेछ।

मुसोलिनीले १९१९ मा युद्धबाट फर्केका सैनिकहरूको क्रान्तिकारी शक्ति र उर्जा ल्याउन' इटालियन कम्ब्याक्ट भेटरान्स लिग'को स्थापना गरयो। यस्तो समूहको पहिलो बैठकले युद्ध भेटरान्सको एउटा सानो समूह, जसमा क्रान्तिकारी सिण्डीकालिष्ट (समाजबादी जसले अन्तराष्ट्रीयबादी उन्मूख रहिरहनको लागि प्रथम पाइलाको रूपमा एउटा राष्ट्रिय क्रान्तिमा काम गरे), र भबिस्यबादीहरू (कबीहरूको एउटा समूह जसले इटालियन रणनिती र कला आधुनिक प्रबिधिगत समाजको बिगतसंग नाटकीय सम्बन्ध बिच्छेदको भूमीका खेले) थिए निर्माण गरे।

यसरी गठन गरिएको इटालियन कम्ब्याक्ट भेटरान्स लिग, जसलाई सामान्यत फासिज्म भनिन्छ, शुरुमा यो बामपन्थी एजेण्डाकोरूपमा लागुगरीयो। साथै सरकारको प्रजातान्त्रीक सुधार , कामदारहरूको लागि बढदो अधिकारहरू , र पुँजीको (सम्पति) पुन बितरण गर्ने का मगर्न थाल्यो।

१९१९ को चुनावमा फासिष्टका उम्मेदवारहरूले केही सिटहरूमा बिजय हासील गरे। १९२० मा समाजबादी पार्टीले तुरीन र इटलीका अन्य उत्तरी शहरहरूमा भएका मिलीटेण्ट हडतालहरू पछि मात्र फासिज्मले ब्यापक समर्थन पायो।

समाजबादी अभियानले देशभर आतंक र अस्तब्यस्तता ल्यायो, जसले यस्तो चाँसो र डर बढायोकी यदि अरु बढता समाजबादीको बिजय भयो भने इटलीको अर्थतन्त्रमा अरु बढता हानी गर्ने छ। समाजबादीहरूको यो डरले इटाली भरी सयौको संख्यामा नयाँ फासिष्ट समूहहुको गठनलाई बढन सहयागीको भूमिका खेल्यो। यस्ता समूहका सदस्यहरूले कालो सर्टस लगाएका अर्ध सैनिक दस्ता जसले समाजबादीहरूमाथि निर्ममतापूर्बक आक्रमण गरे र उनीहरूका राजनैतिक कृयाकलापहरूलाई कमजोड बनाए।

(ख) मुसोलिनीको सत्ता प्राप्ति

समाजबादीहरू बिरुद्ध उनीहरूको प्रभावकारी आतङ्कको प्रयोगको फलस्वरूप फासिष्टहरूले ब्यापक क्षेत्रहरूबाट समर्थन पाए। प्रधानमन्त्री जिओभानी जिओलिटीले फासिष्ट उम्मेदवारहरूलाई आफनो संयुक्त सरकारमा सामेल गराए र मुसोलिनीको आन्दोलनलाई आदर सत्कार प्रदान गरे, जसले मे १९२१ का निर्बाचनको अभियानलाई मद्दत गरयो। निर्बाचनद्धारा नयाँ गठन भएको राष्ट्रिय फासिष्ट पार्टी (पीएनएफ) लाई इटलीको संसदमा ३५ सिट मिल्यो। समाजबादीहरूबाट आउने खतरा कमजोड भयो, जे भएता पनि , र फासिष्टहरूको शक्तिमा जाने अबसर कमजोड थियो। जब सम्म मुसोलिनीले अक्तुबर १९२२ मा सैनिक बिद्रोह गर्ने धम्की दिएनन, फासिष्टहरूले मार्चमा रोममा आफनो संगठीत शक्तिको प्रदर्शन गरे जसमा २५००० काला सर्टस लगाएका फासिष्टहरूले राजधानीभरी बिशाल प्रदर्शन गरे। यद्धेपी इटालियन सांसदले त्यो प्रदर्शनलाइ सजिलरी कुल्चने काम गरयो। राजा भिक्टर इमान्युल तेस्रोले फासिष्टहरूलाई ध्वस्त पार्न सेनाहरूको प्रयोग गर्ने सैनिक सासन लागु गर्न इन्कार गरे।

यसको बदलामा राजाले जिओलिटी संगै गठबन्धन सरकारमा सामेल हुन

बाँकी ५ पृष्ठमा

संविधान संशोधन हैन, जनपक्षीय संविधान निर्माणका लागि स्वाधीन संयुक्त सरकार निर्माण गर्न संघर्ष गरौं !

● हेमन्त प्रकाश ओली 'सुदर्शन' ●

(राष्ट्रिय जनमोर्चा केन्द्रीय कार्यालयको आयोजनामा २०८३ वैशाख २६ गते 'संविधान संशोधनको सन्दर्भमा गणतन्त्र र राष्ट्रियता' विषयक अन्तरक्रियामा पार्टीको तर्फबाट क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालका प्रवक्ता हेमन्त प्रकाश ओली 'सुदर्शन' ले व्यक्त गरेको विचारलाई यहाँ दिइएको छ ।)

आजको छलफलको विषय संविधान संशोधनको विषय छ। त्यो सँग जोडिएको गणतन्त्र र राष्ट्रियताको सवाल पनि छ। अहिलेको परिस्थिति के हो ? हामीले त्यसलाई हेर्नुपर्दछ । संविधान र कानुन भन्ने कुरा क्रान्तिले निर्धारण गर्दछ,निर्माण गर्दछ। कानुन र संविधानले क्रान्ति निर्माण गर्दैन ।अर्थात कानुन र संविधानले क्रान्ति ल्याउँदैन । हाम्रो ध्यान यता जानुपर्दछ किनभने यसै संविधानमा रहिरह्यौ र समाजवाद उन्मुखसंविधान छ भनेर मजासँग यसैमा रमाइरह्यो, अन्तरक्रिया मात्र गरिराख्यौँ भने परिवर्तन हुँदैन । यहाँ एक प्रकारको प्रतिक्रान्ति भइसकेको छ । यो संविधान अलिकति बचेको छ, त्यसमा केही प्रगतिशील कुराहरू छन् ।संविधान बचेको छ भन्ने कुरा मात्र हो तर राजनीतिक रूपले प्रतिक्रान्ति भइसकेको छ ।जनयुद्ध र जनआन्दोलनको जगमा लोकतान्त्रिक गणतन्त्र स्थापना भएको थियो, त्यसमा प्रतिक्रान्ति भइसकेको छ। म पहिलो कुरा के जोड दिन चाहन्छु भने हामीले आमूल परिवर्तनको विषयलाई नै जोड दिएर जानुछ, जानु पर्छ । तर आएका विषयहरूमाथि पार्टीले आफ्ना धारणा राख्नुपर्यो ।

राष्ट्रिय जनमोर्चाको तर्फबाट चित्रबहादुर केसीजीले जुन अवधारणा पेश गर्नुभएको छ, त्यो आफ्नो ठाउँमा ठिकै छ। १५ वटा बुँदामा निकै मेहनतका साथ यो अवधारणा पत्र प्रस्तुत गरिएको छ। यसमा उहाँका आफ्नो पार्टीका धारणाहरू परेका छन्। अहिलेको समसामयिक सन्दर्भहरू यहाँ परेका छन्। हामीले अहिलेको अर्थ सामाजिक स्थितिलाई हेर्नुपर्ने हुन्छ। नेपालमा अर्धसामन्ती र अर्धउपनिवेशिक अवशेषहरू रहेको कुरा सत्य हो । देश नव औपनिवेशिक भइसक्यो भन्ने कुरामा हामी ढुक्क हुनुपर्दछ। नवऔपनिवेशिक भनेको के हो भन्ने कुरा अहिले नेपालमा जे भएको छ त्यही हो भने पुग्छ।

नव औपनिवेशीकरण कसरी हुँदो रहेछ भन्ने कुरा हामीले भोगिरहेका छौं। भारतमा अङ्रेजले सेना ल्याएर ३०० वर्ष शासन गरे जस्तो गरी साम्राज्यवाद आउँदैन ।अहिले त्यसरी औपनिवेशीकरण हुँदैन। अहिले राजनीतिक दलालहरू खडा गरेर औपनिवेशीकरण गरिन्छ, यस किसिमको परिवर्तन गरिन्छ। पश्चिमाहरूले खासगरी अमेरिकनहरूले नेपालको स्थितिलाई बुझे। नेपालमा राजनीतिक पार्टीहरू कसरी स्थापित भएका छन्? त्यो कुरा उनीहरूले बुझे। २००७ सालदेखि २०३१ सालसम्म आउँदाखेरि, ७ सालदेखि २०३१ सालको जहाज अपहरणसम्मको घटनालाई हेर्दाखेरि सशस्त्र क्रान्तिबाट नेपाली काँग्रेस स्थापित भयो। अर्को पार्टी नेकपा एमाले कसरी स्थापित भयो त भन्दाखेरि त्यो झापा विद्रोहबाट स्थापित भयो ।१० वर्षको जनयुद्धबाट अर्को पार्टी स्थापित भयो। त्यो अहिले नेकपा भन्छ । यहाँ लिलामणि दाइ आउनुभएको छ । त्यही कुराको अध्ययन गरेर उनीहरूले नेपालमा उपद्रोह मच्चाए र यस किसिमको स्थिति ल्याए। सिधा हिसाबले हेर्दा भदौ २३ र २४ को जेन्जी 'विद्रोह' आकस्मिक रूपमा भएको जस्तो देखिन्छ। यथार्थ कुरा के हो भने त्यो घटना घट्नका लागि लामो समयदेखि प्रयत्न भइरहेको थियो। त्यसका निम्ति विभिन्न हिसाबले उनीहरूले निहुँ खोजिरहेका थिए। हामीले २०७९ सालको इमाडोलको घटनालाई लिन सक्छौं। त्यहाँ कोरियन भाषाका विद्यार्थीहरूले आन्दोलन गरेका थिए। र त्यो आन्दोलनमा दुईजना विद्यार्थीहरू मारिएका थिए। त्यसपछि तिनकुने घटनालाई लिन सक्छौं। दुर्गा प्रसाई राप्रपावालाहरूले जुन तिनकुनेको आन्दोलन गरेका थिए , त्यो पनि इमाडोल घटनाकै अर्को निरन्तरता थियो। तत्कालीन प्रधानमन्त्री के.पि शर्मा ओलीले सामाजिक सञ्जालमाथि प्रतिबन्ध लगाउने घटना पनि आत्मघाती भयो। एउटा निहु चाहिएको थियो साम्राज्यवादीहरूलाई, सामाजिक सञ्जाल नियमनको विषय निहुँ बन्न गयो । सामाजिक सञ्जालको विषयमा युवाहरूलाई आन्दोलनमा होम्ने काम भयो। तथाकथित जनजी 'विद्रोह' गराइयो। यो घटनाबाट के कुरा प्रमाणित भयो भने सेना बिना जनताको आफ्नो भन्ने केही पनि हुँदैन ।

सेनालाई साम्राज्यवादीहरूले किनिसकेका रहेछन् । सेना बिक्री भएको भएर आफ्नो कमान्ड छोडिदियो। ९ जना मान्छे सिंहदरबार भित्र पसेर आगो लगाउन थाल्यो। जबकि एक बटालियन सेना सिंहदरबारको सुरक्षाको लागि त्यहाँभित्र बसिरहेको छ। यिनीहरूलाई लाइन लगाएर उभ्याइदिएको मात्रै भएपनि कोही पस्न सक्ने थिएन। पुरै साम्राज्यवादप्रति त्वम शरणम गरेर सेनाले कमान छाडदिएर देशमा आगो लाग्ने स्थिति भयो । अब बचेखुचेको संविधानलाई के गर्ने त भन्दा साम्राज्यवादीहरूले लगाइदिएका छन् कि यसलाई संशोधन गर्ने । संविधानमा संशोधन गर्ने, संविधान संशोधनको उद्देश्य के हो ? त्यो बताउनै परेन ।धर्मनिरपेक्षता फालेर हिन्दू राष्ट्र वा अरु धर्म ल्याउने ।संघीयता खारेज गर्ने , भएको गणतन्त्र खारेज गरेर आफुहरू राजा जस्तो बन्ने। प्रस्तुत कार्यपत्रले के आशा गरेको छ भने संघीयता खारेजीको कुरालाई समर्थन गर्न सकिन्छ। यसो भनेर आशा राखिएको छ । संविधान संशोधनको जुन एजेन्डा छ ,यो एजेण्डाबाट संघीयता खारेज होला भन्ने कुरामा आशा राख्नु त्यति लाभदायक छैन।

यदि हामीले समाजवाद उन्मुख संविधान हो र यही संविधानको बाटोबाट नै समाजवादमा पुग्न सकिन्छ भन्ने आशा गरेका छौं भने त्यो वेकारको कुरा हो । । यो संविधानमा भएका सकारात्मक उपलब्धिहरूलाई बचाउनका निम्ति संघर्ष गर्न सकिन्छ। त्यो कार्यनीतिक प्रश्न भयो। संविधान भन्ने कुरा रणनीतिक कुरा हो। देश चलाउने कुरा हो। देशको सार्वभौमिकता बचाउने कुरा यहाँ आएको छ। देश र नागरिकहरूलाई उन्नतितिर लाने कुरा हो। संविधान संशोधनको माध्यमबाट मात्र देशले निकास पाउँदैन र देशका जटिल समस्याहरू समाधान हुन सक्दैनन्। त्यसैले यिनीहरूको संविधान संशोधनको विरोध गर्नुपर्दछ। हामी पुरै विरोधमा जानुपर्दछ। राष्ट्रियताको समस्या अहिले मुख्य समस्या हो कि होइन? यहाँ नव,, उपनिवेश लागू भएको छ, एमसीसी लागू भएको छ, एसपीपी लागुगर्ने प्रयास भइरहेको छ । मान्ने हो भने हामीले स्वाधीन संयुक्त सरकारको नारा दिनुपर्दछ। यो सरकार जनताको सरकार होइन यो प्राचीन सरकार हो। यो अमेरिकी कठपुतली सरकार हो। यहाँ कार्यपत्रमा पनि लेखिएको छ। कार्यपत्रमा यो ठिकै लेखिएको छ । अभ अगाडि बढेर यो फासीवाद उन्मुख सरकार हो भनेर जानुपर्दछ। फासीवादी उन्मुख सरकारले गर्ने भनेको संविधान संशोधन पनि फासीवादी नै हुन्छ फासीवादी उन्मुख नै हुन्छ। संविधान संशोधन गर्दा कसरी जनतालाई दबाउन सकिन्छ भनेर नै संविधान संशोधन गरिन्छ। त्यसैले अब हामीले स्वाधीन संयुक्त सरकारका लागि संघर्ष गरौं। स्वाधीन संयुक्त सरकारका लागि को को एकगठ भएर जाने त नेकपा मसाल पनि एउटा देशभक्त पार्टी हो वामपन्थी पार्टी हो। यसले त्यो प्रयत्न गर्नुपर्यो र हामीले थुप्रै देशभक्तहरू पनि देखेका छौं । एमालेले यसपटक राम्रोसँग ठोकाई खायो नि त। प्रदिप ज्ञवालीजी यहाँ आउनुभएको छ। केपी ओलीजीले के थोरै राष्ट्रिय सार्वभौमिकताको पक्षमा थोरै के अडान लिनुभएको थियो साम्राज्यवादीहरूबाट आक्रमण भयो। त्यसकारण यतिबेला उठ्नुपर्छ कि पर्दैन ? एमाले ! तपाईँहरू किन नबोलेको राष्ट्रिय स्वाधीनता संकटमा परेको बेला? किन नबोलेको सुकुम्बासी बस्तीहरूमा डोजर चलाउने काम भएको छ ,किन नबोलेको ? देशमा यति ठूला घटनाहरू घटिरहेका छन् तपाईहरू किन नबोलेको ? बोल्नुपर्यो । नेपालमा जुन बहुलवादी संविधान छ, बहुलवाद भनेको समानान्तरवाद हो। बहुलवाद भनेको अनेकतावाद हो। यसबाट देशले निकास पाउँदैन । संयुक्त स्वाधीन सरकार बनाउँ। जनगणतन्त्रको संविधान लेख्नका निम्ति हामी अगाडि बढौं। तत्कालका लागि कमसेकम जनपक्ष संविधान लेख्नका लागि पनि स्वाधीन संयुक्त सरकार निर्माणका लागि संघर्ष गरौं !

'देशैभरि सुकुम्बासी, अव्यवस्थित बसोबासी र भूमिहीन किसानहरू अत्यन्तै असन्तुष्ट, त्रसित र आक्रोशित'

काठमाडौँ । वामपन्थी पार्टीहरू सम्बद्ध नेपालका ६ वटा किसान संगठनहरूले बालेन सरकारको भूमिहीन किसान, अव्यवस्थित बसोबासी,सुकुम्बासी प्रतिको रवैयाको विरोध गर्दै एक प्रेस वक्तव्य जारी गरेका छन्। क्रान्तिकारी किसान महासङ्घ नेपालका अध्यक्ष सीताराम तामाङ, अखिल नेपाल किसान महासङ्घ (अपफा) का अध्यक्ष भैरव रेग्मी, अखिल नेपाल प्रगतिशील किसान सङ्घका अध्यक्ष दुर्गा प्रसाद जैसी , अखिल नेपाल प्रगतिशील किसान सङ्घका अध्यक्ष राम दुलार महतो, अखिल नेपाल क्रान्तिकारी किसान महासङ्घ नेपालका अध्यक्ष चित्रबहादुर श्रेष्ठ , अखिल नेपाल किसान महासङ्घका अध्यक्ष बलदेव चौधरीले प्रेस वक्तव्यमा हस्ताक्षर गर्नुभएको छ। वक्तव्यमा किसान संगठनहरूले २०८३ वैशाख २५ गते जारी गरिएको वक्तव्य यसप्रकार छ-

"नेपाली जनतालाई सुशासन, शान्ति र सुरक्षित भविष्य दिने भन्दै चुनावका बेला ठूलो आश्वासन दिएर सत्तारुढ भएको झन्डै दुई -तिहाई बहुमत प्राप्त रास्वपाको बालेन सरकारले सुकुम्बासीको सही, दीर्घकालीन समाधान नखोजी एकाएक उनीहरूमाथि दमन गर्ने, बिल्ली बाठ पार्ने, चिलविहिल तुल्याउने, त्यो घोर अमानवीय र खुल्लमखुल्ला संविधान विपरीत छ। हामी संयुक्त किसान सङ्घर्ष समितिमा आबद्ध छ घटक किसान संगठनहरू यस दमनकारी र फासिस्ट अमानवीय प्रवृत्तिको जोडदार विरोध गर्दछौं। शान्तिपूर्ण र सहज तरिकाले सुकुम्बासी र गैर सुकुम्बासी छुट्याउन सकिने र निराकरण गर्न सकिने समस्यालाई शत्रु देशको सेनालाई जस्तो सुकुम्बासी बस्तीमा एकाएक डोजर लगाएर दमन गर्ने अनि छानबिनको नाटक गर्ने , यस प्रकारको फासीवादी चरित्रले देशैभरि सुकुम्बासी , अव्यवस्थित बसोबासी र भूमिहीन किसानहरू अत्यन्तै असन्तुष्ट, त्रसित र आक्रोशित हुन पुगेका छन्।

कुनै भरपर्दो र विश्वासलाग्दो वैकल्पिक व्यवस्था नगरी ठूलो सङ्ख्यामा तिनै अङ्गका सुरक्षाकर्मीहरू तैनाथ गरी सुकुम्बासी बस्तीलाई युद्धले आक्रान्त र ध्वस्त बनेको क्षेत्र जस्तो तुल्याउने गरी खनिन बालेन सरकार किन उद्दत भयो ? अत्यन्तै गम्भीर प्रश्न खडा भएको छ।

यस गम्भीरतम स्थितिमा हामी देश र जनताप्रति समर्पित निष्ठावान सबै राजनीतिक शक्ति, वर्गीय तथा सामाजिक अभियन्ता, व्यवसायी, शिक्षक, कानुन व्यवसायी,चिकित्सक, युवा, विद्यार्थी, महिला, दलित, जनजाति, अल्पसंख्यक सीमान्तकृत सबै जनसमुदायमा निरीह तुल्याइएको किसान वर्ग खासगरी सुकुम्बासी, भूमिहीन रअसुरक्षित किसानको समस्या समाधान गर्न एकजुट भएर खडा हुन न्यायपूर्ण आवाज उठाउन जोडदार आह्वान गर्दछौं ।किसानलाई उठिबास गराउने र लखेट्ने यो ज्वलन्त समस्याका साथै चौतर्फी रूपमा आकाशिएको महङ्गी, मलको अभाव र कालाबजारी लगायतका समस्या तथा आम किसानका ज्वलन्त राष्टिय समस्याहरूलाई समेतलाई लिएर बृहत अन्तरक्रियाका साथ संघर्षमा उत्रन हामी बाध्य हुने कुरा सार्वजनिक गर्दछौं।"

आदेशको माग गर्दै आठ विद्यार्थी संगठन सर्वोच्च पुगे

काठमाडौँ । सरकारद्वारा विश्वविद्यालय र क्याम्पसहरूबाट विद्यार्थी सगठनहरू खारेज गर्न गरिएको निर्णयलाई खारेज गर्न आदेशको माग गर्दै आठ विद्यार्थी संगठनका नेताहरू सर्बोच्च अदालतको ढोका ढकढकाउन पुगेका छन् । वैशाख २५ गते उनीहरू सर्वोच्च पुगेका हुन्। क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल सम्बद्ध अनेरास्ववियु(क्रान्तिकारी)का अध्यक्ष महेश्वर श्रेष्ठ, नेकपा (मसाल) सम्बद्ध अनेरास्ववियु(छैठौं)का अध्यक्ष शुवास जिसी, नेकपा एमाले सम्बद्धअनेरास्ववियुका अध्यक्ष दीपक धामी, नेपाली कम्युनिस्ट पार्टी प्रचण्ड पक्षका अनेरास्ववियु (क्रान्तिकारी)का उपाध्यक्ष मदन ढकाल, नेपाली कम्युनिस्ट पार्टी माधव नेपाल पक्षका अनेरास्ववियुका अध्यक्ष महेश श्रेष्ठ , नेपाल कम्युनिष्ट पार्टी विप्लव समूह सम्बद्ध अनेरास्ववियु (समाजवादी)का अध्यक्ष नरेन्द्रबहादुरसिंह बिक, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपाल सम्बद्ध वैज्ञानिक समाजवादी विद्यार्थी युनियनका अध्यक्ष हिमांशु घिमिरे, नेकपा (जनपक्ष) सम्बद्ध अनेरास्ववियु (जनपक्ष)की केन्द्रीय अध्यक्ष सुनिता बुढाथोकी सहित आठ विद्यार्थी संगठनका नेताहरूले सर्वोच्च अदालतमा बालेन्द्र शाह नेतृत्वको सरकारले विद्यार्थी युनियन खारेज गर्ने निर्णयलाई खारेज गर्न माग गर्दै रिट दायर गरे । रिट निवेदनमा उत्प्रेषण, परमादेश, प्रतिषेध लगायत आवश्यक अन्य उपयुक्त आदेश जारी गरी पाउँ भनिएको छ।

रिटमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय , नेपाल सरकार गृहमन्त्रालय , शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, विश्वविद्यालय अनुदान आयोग, त्रिभुवन विश्वविद्यालयका उपकुलपति, नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति सहित २५ जनालाई विपक्षी बनाइएको छ। २०८२ चैत्र १३ गते बसेको मन्त्रिपरिषदको पहिलो बैठकले जारी गरेको शासकीय सुधारका १०० कार्यसूचीमा ६० दिनभित्रमा विद्यालय , विश्वविद्यालयबाट दलीय विद्यार्थी संगठनका संरचना हटाई ९० दिनभित्र "विद्यार्थी काउन्सिल वा भ्वाइस अफ स्टुडेण्ट " संयन्त्र विकास गर्ने भनिएको छ । २०८२ साल चैत्र २० गते शिक्षामन्त्री सस्मित पोखरेलले विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष देवराज अधिकारी सहित १४ विश्वविद्यालयका उपकुलपतिहरूलाई मन्त्रालयमा बोलाएर विद्यार्थी संगठनका सम्पूर्ण संरचनाहरूलाई खारेज गर्न निर्देशन दिएका थिए। त्यो निर्णयमा उपकुलपतिहरूले हस्ताक्षर गरिसकेका छन्। २०८२ चैत्र २० को उक्त बैठकमा दलीय विद्यार्थी संगठन हटाउने कार्यमा सुरक्षा चुनौती देखिएमा तत्काल सुरक्षा निकायलाई जानकारी गराई विद्यालय परिसरमा अस्थायी / स्थायी प्रकृतिको सुरक्षा युनिट व्यवस्था गर्न सकिने र त्यसका लागि शिक्षा मन्त्रालय मार्फत गृह मन्त्रालयमा अनुरोध गर्नुपर्ने भनिएको छ। २०८३ वैशाख ७ गते प्रधानमन्त्री बालेन्द्र शाहले विश्वविद्यालयका उपकुलपतिहरू सहितको बैठकमा विश्वविद्यालयहरूमा विद्यार्थी संगठनहरूलाई नियन्त्रण गर्नुपर्ने र आवश्यकता परे सुरक्षाकर्मी परिचालन गर्न सकिने भनेका थिए।

रिटमा विद्यार्थी नेताहरूले बालेन्द्र शाह नेतृत्वको सरकारले विद्यार्थी संगठनहरूप्रति अपनाएको नीतिले नेपालको संविधानको धारा १७ को अभिव्यक्ति स्वतन्त्रता , शान्तिपूर्ण तरिकाले भेला हुन पाइने, संघ संगठन गर्न पाइने मौलिक अधिकारलाई कुण्ठित गरेको जिकिर गरेका छन् । रिटमा अगाडि भनिएको छ, " नेपालको संविधानको समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको चरित्रको ठिक विपरीत हुने र नव फासीवादी मोडलमा राज्य संरचनालाई ढाल्ने, विद्यार्थीको आवाजलाई निर्ममतापूर्वक दमन गर्ने संस्थागत अभ्यासको थालनी हो । ..... विद्यार्थी संगठन खारेज गर्ने प्रयोजनका लागि विद्यालयमा सुरक्षा युनिट स्थापना गर्नु प्राज्ञिक स्वायतता माथिको हस्तक्षेप पनि हो।"

सर्वोच्चले वैशाख २८ का लागि पेशी तोकेको छ। २८ गते हुने सुनुवाइले स्वयुको भविष्य र विद्यार्थीहरूको संवैधानिक अधिकारका विषयमा महत्वपूर्ण दिशा निर्देश गर्ने अपेक्षा गरिएको छ। विद्यार्थी संगठनहरूले नागरिक समाज, पूर्व विद्यार्थी नेताहरू सित अन्तरक्रिया, विश्व विद्यालयमा प्रदर्शन , कालो बेलुन उडाउने लगायतका संघर्षका कार्यक्रमहरू सम्पन्न गरिसकेका छन् । उनीहरूले दोसो चरणको कार्यक्र को तयारी पनि गर्दैछन्।

राजनीतिक संकटको निकास क्रान्तिकारी आन्दोलनबाट मात्र सम्भव छ

❑ पूर्णबहादुर खड्का, केन्द्रीय सदस्य, क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल

गत निर्वाचन बाहिष्कार आन्दोलनमा प्रहरीले तपाईलाई कहिले कहाँबाट गिरफ्तार गरेको थियो ?

सिन्धुली जिल्लाको दुधौली नगरपालिकाको नगरपालिका चोकमा २०८२ माघ १६ गते दिउँसो साढे १२ बजेतिर कोणसभा गरी सकेर सिन्धुलीको भिमानतिर फर्कने क्रममा म प्रहरीबाट पक्राउमा परे। छोरा नितम खड्काको बाइकमा बसेर चोकबाट माथि धरान जाने मूल सडकमा आएको थिएँ। दिउँसो आकाशमा बादल लागिरहेको थियो। बाइकमा भन्दा साथीहरू सित सँगै जाउँ भनेर छोरालाई पठाएर म साथीहरूलाई पर्खिरहेको थिएँ। मान्छेहरू जम्मा भएको देखेर पर्चा बाँडे। त्यो हुलमा दुईजना सिभिल ड्रेसमा प्रहरी रहेछ। एक क्षण छलफलभयो। सिभिल प्रहरी दुई जनाले जाउँ जाउँ सर प्रहरी कार्यालयमा भनेर जोड गरे। म किन जाउँ ? मैले पर्चा बाँडेको हुँ, कुनै गैरकानुनी काम गरेको छैन, म जाँदैन भनेर अड्डी कसें। त्यहाँ भीडमा छलफललाई रमिता मानेर मान्छेहरू हेरिरहेका थिए। तपाईलाई केही हुन्न कार्यालयमा भेटेर फर्किनु होला भन्दै धेरै जोड गरेपछि म गएँ। चौकीबाट फर्कन दिएनन् मुद्दा लगाएर राखे। दुधौली चौकीमा लगे।

दुधौली चौकीमा लगेपछि कस्तो व्यवहार गरे ?

दुधौली चौकीमा स.ई बस्दो रहेछन्। मलाई लगेको केही समयपछि सपना खड्का इन्स्पेक्टर त्यहाँ चौकीमा आइन् उनी खड्का, म पनि खड्का भएकाले मलाई दाई भनी सम्बोधन गरिन। मलाई एउटा कोठामा राखेर अब यसरी हुँदैन, राजा लिउन पर्छ दाई भनिन मेरो झोलाका किताब, औषधि र झोलालाई टेबुल फिँजाएर , मलाई मास्क लगाउन दिएर भिडियो बनाइन। स.ईले मेरो हुलिया लिने काम गरे। तपाईहरूले के के गर्नुभयो भनेर सोधेका थिए। मैले प्रचारप्रसार कोणसभा गरेको कुरा बताएँ। १६ गते बेलुकी मलाई दुधौली चौकीबाट सिन्धुली कै डकाहा इलाका प्रहरी कार्यालयमा ल्याए। बेलुकी ६ बजेतिर साँझमा ल्याएका थिए। डकाहा इलाका प्रहरी कार्यालय ल्याएपछि मलाई फेरि उही बाटोबाट फर्काएर दुधौलीको नगर अस्पतालमा पुऱ्याएर स्वास्थ्य चौकीमा मेरो स्वास्थ्य जाँच गरे। स्वास्थ्य जाँचपछि डकाहा इलाका प्रहरी कार्यालयमा लिएर राख्यो। निल्नै नसकिने अगतिलो खाना खुवाओ। ३ जना सहकारी ठगी र कालो बजारी वालाहरूसित इ.प्र.का. हिरासतमा राख्यो। १७ गते दिनभरी मलाई कुनै सोधपुछ गरेन। त्यहाँ दुई वटा कोठा रहेछन् हिरासतमा। एउटा महिलाका लागि र अर्को पुरुषका लागि। महिला रहेन छन्। दुईवटा कोठामा हामी ७ जना पुरुष थियौं। १ जनालाई हिरासत मुक्त गऱ्यो। १८ गते म सहित ६ जनालाई जिल्ला प्रहरी कार्यालय सिन्धुली सदरमुकाम ल्याए।

डकाहाबाट सदरमुकाम सिन्धुली माडी आउन डेढ घण्टा जति गाडीमा लाग्दो रहेछ। मलाई त्यहाँ ल्याए। अरुलाई सरकारी वकील कार्यालय र अदालतमा तारिख थप्न लगाएर फेरि डकाहा नै फर्काए। तर मलाई सिन्धुली माडी जिल्ला सदरमुकामको जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखे।

सिन्धुली माडी ल्याएपछि के के भयो त ?

सिन्धुलीमाडी ल्याएपछि जिल्ला प्रहरी कार्यालयबाट सरकारी वकिलको कार्यालय लगे। सरकारी वकिल कार्यालयमा मलाई प्रहरीले देखाउने काम मात्र गरे। सरकारी वकिलले खासै प्रश्न गरेनन्। हाजिर गराउने काम मात्र गरे। माघ २९ सम्म नै मलाई जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखियो। त्यसबीचमा ३ पटक मलाई जिल्ला सरकारी वकिलको कार्यालय र जिल्लाअदालतमा हाजिरी गराउने काम गरे। त्यसैबीचमा जिल्ला प्रहरी कार्यालयको मुद्दा फाँटमा पटकपटक लगेर वयान लिने काम गरे। एस.पी.ले आफ्नै कार्यकक्षमा लगेर चिया खुवाउँदै भने "तपाईलाई मुद्दा परेको छ। हामीले छोड्न सक्दैनौं। माथि सर्वोच्चमा बन्दी प्रत्यक्षीकरणको रिट परेको छ। अदालतले जे भन्छ त्यही हुन्छ। यहाँ तपाईका साथी आए पनि पक्रन्छु। सी.पी. दाई (सी.पी. गजुरेल) ले पनि फोन गर्नु भएको थियो। सुरेश श्रेष्ठ भनेका को हुन्, उनी अलि चर्को रहेछन्। उनले पनि फोन गरेका थिए।" चिसोको कारणले हिरासतमै विमार भएँ। औषधि खाएपछि झन खानै मिठो भएन। म नसाको रोगी मलाई ऐन्टिभाइटिक खुवाएर राख्ने ? भनेर झगडा गरें। एस.पी.ले उपचार गराउँछु भने। यदि उपचार गराउने हो भने मैले पोहोर साल काठमाडौं टिचिङमा उपचार गराएको हुँ। त्यही पठाउ, हस्पीटलको डकुमेन्ट काठमाडौं छ। उतै पठाऊ भने। चिसो ठाउँ भएकाले नसाको विमार उकल्झियो भनेर अलि कडा रूपमा प्रस्तुत भएपछि माघ २९ गते मलाई अदालतमा उपस्थित गराइयो। प्रहरीले मुद्दा तयार गरेको रहेछ। त्यसैको आधारमा अदालतमा मुद्दा सहित मलाई उपस्थित गरायो। न्यायाधीशले मलाई यहाँ प्रहरीले किन ल्याएको हो भनेर सोधे। मैले जवाफ दिएँ-"संविधानको परिधिभित्र रहेर शान्तिपूर्ण तरिकाले पर्चा बाँड्ने काम गरेको थिएँ र मलाई यहाँ ल्याएका छन्" भने।

न्यायधीशले अर्को प्रश्न सोधे-"तपाईलाई के मुद्दा लागेको छ ?" मैले भने, "मलाई राज्यविरुद्धको कसुर" भनिएको छ।"

त्यही दिन मलाई जिल्ला अदालतमा न्यायधीश अगाडि वकिल राख्नुहुन्छ कि भनेर कर्मचारीले सोधेका थिए। मैले वकिल राखेन माघ २९ गते ४ बजेतिर १० हजार धरौटीमा छाडिदिए। तर मेरो मोबाइल, नागरिकता, झोला किताबहरू जिल्ला अदालतमै प्रहरीले प्रमाणका रूपमा पेश गरेको थिएँ, अझै दिएका छैनन्। म अहिले पनि "राज्यविरुद्ध कसुर" को मुद्दामा तारिख लिइरहेको छु। फागुन २८, चैत्र २५ गते तारिखिमा गएँ र अब वैशाख २५ गते अर्को तारिख छ। २५ गते साँक्षी वकाउने कुरा छ। मैले साँक्षी राखेको छैन। सरकार पक्षले साक्षी ल्याउने होला। देशमा यस्तो शासन छ। अदालतले के गर्छ ? थाहा छैन।

शान्तिपूर्ण कार्यक्रम गर्दा पनि यति दुःख यातना दिन नपर्ने हो। किन यसरी दुःख दिइरहेको छ जस्तो लाग्छ ?

पछिल्लो चरणमा साम्राज्यवादको डिजाइनमा बनेको सरकार छ। जनता र क्रान्तिकारीहरूलाई आतंकित पार्ने काम भएको छ। मुख्य दुश्मन क्रान्तिकारी शक्तिलाई देखेका छन्। तसर्थ उनीहरू क्रान्तिकारी शक्तिलाई दमन गर्न लागेका छन्। संसदीय पार्टीहरूको भ्रष्टाचार र कुशासनले गर्दा साम्राज्यवाद र त्यसका एजेण्टहरूले राजनीतिमा अगाडि आउने मौका पाए। जिल्ला प्रहरी कार्यालयमा हिरासतमा हामी ३३ जना थियौं। उनीहरूको बीचमा कुरा गर्दा मजाले मेरा कुरा सुन्थे। हिरासतमा बस्दासम्म मैले थुनुवाहरूसित देशको राजनीतिबारे धेरै कुरा गरें। उनीहरूले मेरो कुरामा चासो दिएर सुने। हाम्रो राजनीति सही छ। जनताले हाम्रो कुरालाई गलत भन्दैनन्। हाम्रो राजनीति सही छ। हामी जनताका बीचमा जान सकेका छैनौं। जनताका बीचमा जाने हो भने जनताले सहयोग गर्छ। हिरासतमा मलाई निकै माया गरें। माघको ठण्डीमा मलाई कपडा ओढ्ने, विछ्याउने समेत दिएर सहयोग गरे। उनीहरूले हिरासतबाट छुटेपछि हाम्रो घर गइदिनु भन्थे। देशको संसदवादी पार्टीहरू निकम्मा परे। रास्वपाले फासिष्ट शासन ल्याउन खोजेको हो भन्ने देखिएकै छ।

जनयुद्धकालमा जेल पर्नुभयो त्यो अनुभव पनि सुनाउनु न।

२०५३ साल वैशाख १६ गते सैलुङ नजिकै दोलखा जिल्लाको नाम्चेत दुधपोखरी गाविस वडा नं. २ बाट म गिरफ्तारीमा परे। त्यसबेला राज्यविरुद्ध, खरखजना, बन्दोबस्ती र डिटोनेटर चोरी जस्ता मुद्दा लगाइएको थियो। त्यतिबेलामा ९ वर्ष ८ महिना जेल बस्नु परेको थियो।

४० दिन हिरासत र ३ महिना दोलखाको चरिकोट कारागारका राख्यो। त्यसपछि भद्रगोल जेल काठमाडौं ल्यायो। भद्रगोल, सेन्ट्रल, डिल्लीबजार जेलमा राखे।

२०६२ साल मंसिर १० गते मात्र म रिहा भएको थिएँ।

जेलमा बस्दाका स्मरणीय घटना छन् कि ?

जेलमा म काठमाडौंमा सेन्ट्रल जेल, भद्रगोल जेल, डिल्लीबजार कारागारमा बस्नुपऱ्यो। छुटेपनि फेरि पक्रिएर हनुमानढोका प्रहरी कार्यालयमा लगेर थुन्थ्यो र अर्को मुद्दा लगाएर जेल हाल्थ्यो। जेलबाट छुटेका बन्दीहरूलाई छुटेपछि पक्रने अनि मुठभेडमा मरेको भन्दै मार्ने काम गरिरहेको थियो सरकारले। डिल्ली बजार कारागारमा एक पटक मैले पूरै हल्ला गरें। म बाहिर जाँदै जान्न। बाहिर गएर छोपेर फेरि मुद्दा लगाउने भए म किन जाने भनेर ३ दिन अटेरी गरें। त्यसो भए मलाई यही कारागार मै पक्राउ पुर्जी देऊ भने। जेलरले त्यसो गरिदिन भएन मेरो जागीर जाने भयो भने। अन्तमा जेलभित्रै फेरि पक्राउ पुर्जी दिए।

तपाई सबैभन्दा पहिले कहाँ कसरी राजनीतिमा प्रवेश गर्नुभयो ?

२०४३ सालमा दोलखा जिल्लाको मालु गाउँ पंचायतको उपप्रधानपञ्चको स्वघोषित जनपक्षीय उम्मेदवार बनेको थिएँ। ७ जना उपप्रधानपञ्चको उम्मेदवार थिए। मैले थोरै मतले हारें। २०३६ सालमा बहुदलको पक्षमा निलो रंगमा मतदान गरेको थिएँ। बहुदल आएपछि नेकपा (माले) को अखिल नेपाल किसान संघमा आबद्ध भएको थिएँ। २०४७ मा नेकपा (एमाले) बनेपछि त्यस पार्टीको पार्टी सदस्य बनेको थिएँ। म नेकपा (एमाले) इलाका सचिव बनेर काम गरें। २०४९ मा काठमाडौंमा (एमाले) को पाँचौं महाधिवेशनले जवज पारित गरेपछि नेकपा (एकताकेन्द्र) तर्फ लाग्यौं। देवी पोखेल, यादव पोखेल र म पूर्ण बहादुर खड्का मालु गाविसबाट र जुँग गाविसका रितबहादुर खड्का नेकपा (एमाले) बाट नेकपा (एकताकेन्द्र) मा प्रवेश गऱ्यौं। २०४९ को स्थानीय चुनावमा नेकपा (एकताकेन्द्र)को वैधानिक मोर्चा संयुक्त जनमोर्चा नेपालको तर्फबाट मालु गाविसको अध्यक्षको उम्मेदवार बनेको थिएँ। सजमोको तर्फबाट दोलखा जिल्लामा २०४९ मा गाविस अध्यक्ष उम्मेदवार उठेको जिल्लाभरीमै म मात्र थिएँ। प्रेम श्रेष्ठले संजमोको तर्फबाट दोलखा गाविसको वडा नं. २ बाट वडा अध्यक्ष जित्नु भएको थियो। हाँसो ठट्टामा हामीले प्रेम श्रेष्ठजीलाई हाम्रो दोलखाको सांसद भन्थ्यौं।

संयुक्त जनमोर्चाको राष्ट्रियस्तरको भेला-सम्मेलनमा जानुभयो कि ?

काठमाडौंको भृकुटी मण्डपमा भएको संयुक्त जनमोर्चा नेपालको राष्ट्रिय सम्मेलनमा दोलखाबाट प्रतिनिधि भएर म, हेम श्रेष्ठ, पर्यवेक्षक शंकर लामा, चित्र नारायण श्रेष्ठ आएका थियौं। त्यो सम्मेलनबाट बाबुराम भट्टराई संजमोको अध्यक्ष भएका थिए।

जनयुद्धको प्रारम्भिक दिनको सम्झना के छ ?

जनयुद्ध शुरु हुनुभन्दा पहिले त्यसको तयारीमा लागेका थियौं। २०५२ साल पौष ३० गते दोलखा बजारमा मुक्ति प्रधानको घरमा बैठक बसेका थियौं। दोलखा जिल्लामा एक्सन लिने तयारी गरेका थियौं। त्यो बैठक बसाल्न केन्द्रबाट यानप्रसाद गौतम (का. आलोक) जानु भएको थियो। आलोकले जनयुद्धको लागि हतियार चाहिएको छ भन्नुभयो। दोलखा चिसो ठाउँ, माथितिर हिउँ परिरहेको थियो। बैठक सकिएपछि का. आलोकलाई गाडी चढाएर काठमाडौं पठाइयो। हामी ५ जना म पूर्णबहादुर खड्का, शंकर लामा, हेम श्रेष्ठ, गंगा कार्की र रितबहादुर खड्का २०५२ माघ ३ गते जिलु गाविसको (चरिकोट नजिकै) लामा साँघु जिरी सडकको बंकर हाउसबाट ४२ हजार थान डिटोनेटर कब्जा गऱ्यौं। गोदामबाट निकाल्यौं। राती त्यहाँ बसेका चौकीदारहरूले थाहा पाएनन्। का. आलोकले ती सामाग्रीहरू काभ्रे ल्याउनु भन्नुभएको थियो। चरिकोट नजिकैबाट बाटो छलेर पाखाको बाटो सैलुङतिर लाग्यौं। सैलुङमा पूरै हिउँ परेको थियो। भारी बोकेर हिउँ परेको बाटो डाँडा काट्नु परेको थियो। पटकपटक लड्डैपड्दै हामी दोलखाकै ताम्चेत दुधपोखरी गाविसको, २ नम्बर वडा गैरी भन्ने ठाउँमा ४ गते बेलुकी बास बस्न पुगेका थियौं। चिरीबहादुर तामाङको घर (हाम्रो शंकर लामाको ज्वाई) को मा बास बस्न पुग्यौं। माघ ५ गते विहान बास बसेका घरका मानिसले मकै भुटिदिए र मकै खाँदै भारी बोकेर उज्यालो नहुँदै गाउँ काट्यौं। चौडी खोलाको किनारै किनार हिंडेर दिउँसो १२ बजेतिर काभ्रे जिल्लाको नाङरे गाविसको दुतीको पैरो भन्ने ठाउँमा खाना खान पुग्यौं। त्यो बाटो भएर तिब्बतबाट नेपालको मधेश र भारतसम्म नै कपडाहरू र अन्य चिनियाँ सामानहरू ओसारपसार गर्ने रुट रहेछ। स्थानीय जनताले हामीलाई त्यस्तै ठाने। स्थानीय जनताको सहयोगमा कुखुरा खोजेर कोदाको ढिंडो र मासु खाएर अगाडि हिंड्यौं र बेलुकीपख काभ्रेको माझीफेदी आइपुग्यौं। रातभरी हतियारको प्रशिक्षण लियौं। एक क्षण सुतेर माघ ६ गते कामरेड आलोकको घरमा काभ्रेको चौडे कात्तिके आएर बास बस्यौं।

तत्कालै त्यहाँबाट हामीले लिएका सामाग्री आलोकहरूले वितरण गर्नुभयो। माघ ७ गते त्यही बाटो नफर्किएर अर्को बाटो रामेछाप हुँदै दोलखा फर्कियौं। सामान हराएकोमा हामीलाई शंका गरेनन्। कांग्रेसले एमालेलाई, एमाले कांग्रेसलाई गाउँमा शंका गर्थे। कसैले माछा मार्न लगे कि भन्थे।

२०५२ फागुन १ गते जनयुद्धको पहिलो दिन कहाँ हुनुहुन्थ्यो ?

फागुन १ गते जनयुद्ध प्रारम्भको पहिलो दिन हामीले काभ्रेको चोकतारमा एकजना सुदखोरलाई कार्वाही गर्ने कार्यक्रम थियो। उसका जाली तमसुकहरू च्यात्ने काम भयो। हामीले जाली तमसुक च्यातेर त्यस क्षेत्रमा जनयुद्ध थालनी गरेका थियौं।

जनयुद्धलाई शान्ति प्रक्रियामा ल्याइयो। जनयुद्धदेखि शान्ति प्रक्रियासम्मलाई कसरी मूल्यांकन गर्नुहुन्छ ?

थालनीको अवस्थामा जनताले आशा, भरोसा गरेका थिए। पार्टीमा माथि हुने विवाद तल पनि आउँथे। प्रचण्ड चतुर नै रहेछन्। जनसेनाका माथिल्ला मानिसहरूलाई आफ्नो नियन्त्रणमा राखेर आन्दोलनलाई गलत ठाउँमा पुऱ्याए। आन्दोलनमाथि धोका भयो। कम्युनिस्टको लोगो देखाएर दक्षिणपन्थीहरूले धोका दिए। बाबुराम-प्रचण्ड किनिए। किरण र गौरव जेलमा भएकाबेला १२ बुंदे गरे। जनयुद्धको त्याग, बलिदानलाई दक्षिणपन्थीहरूले प्रयोग गरेका छन्। यसलाई चिरेर स्पष्ट गरेर जानुपर्दछ।

प्रचण्डले त क्रान्तिलाई निर्णायक तहमा पुऱ्याएनन् भने अब त क्रान्तिको सपना नदेखाए हुन्छ भनेको सुनिन्छ नि ?

मालेमा भनेको त विचार हो। परिवर्तन वर्ग संघर्ष र क्रान्तिकारी सिद्धान्तले हुने हो। कसैले क्रान्ति हुँदैन भन्ने घोषणा गर्दैमा क्रान्ति रोकिदैन। क्रान्ति समाज विकासको नियम हो। समाजमा चल्ने वर्गहरू बीचको अन्तर्विरोधले क्रान्ति निम्त्याउँछ। इतिहासमा जनताका दुश्मन र अवसरवादीहरूले धेरै पटक क्रान्ति हुन्न भनेर घोषणा गरे तर क्रान्ति हुँदै आएको छ।

क्रान्तिकारी आन्दोलनलाई अगाडि बढाउन के गर्नुपर्छ, ठान्नुहुन्छ ?

पार्टीका नेता, कार्यकर्ताहरू जनताको घरघरमा पुग्नु पऱ्यो। समाजको अन्तर्विरोधको पहिचान गर्नुपऱ्यो। जनताबाट सिक्ने र जनतालाई दिने नीति अपनाउनु पर्दछ। पार्टीका निर्णयलाई कार्यान्वयन गर्नुपर्दछ। प्रतिक्रियावादी र अवसरवादीहरूको देश र जनता विरोधी कार्यको भण्डाफोर गर्नुपर्दछ। संघर्षको कार्यक्रमलाई व्यवस्थित गर्दै जानुपर्छ।

बालेन सरकारको गतिविधिलाई कसरी हेर्नुहुन्छ ?

बालेन जनतामा भिजेर आएको नेतृत्व होइन। विचार, दर्शनले नेतृत्व गरेका छैनन्। बालेन सरकार साम्राज्यवादको छाँया हो। साम्राज्यवादी निर्देशनमा नेतृत्व गरेको छ। परिवर्तन विचारले हुन्छ। वैचानिक खालको विचार छ। विकल्प भनेको बालेन हैन, विकल्प भनेको क्रान्तिकारी आन्दोलन हो।

एकपटक...

मुसोलिनीलाई निमन्त्रणा गरे। मुसोलिनीले यो बार्गेनिङ्गलाई मौकाको रूपमा स्वीकार गरयो। तर यो फासिज्म एउटा आधिकारीक सत्ता हुनु भन्दा अगाडी करीब २०० बर्ष लाग्यो। १९२५ को शुरुमै मुसोलिनीले उनका आफना अति प्रभावशाली आलोचक समाजबादी सांसद जिआकोमो मट्टिओट्टीको काला सर्टसहरूद्धारा हत्या गरेर उत्पन्न भएको राजनैतिक संकटको दौरानमा सत्ता आफनो हातमा लियो।

(ग) इटालियन फासिज्मको पतन–मुसोलिनीको पतन

दुइवटा घटनाहरूले फासिज्मको भाग्यमा महत्वपूर्ण फेरबदल ल्यायो। प्रथम, १९२३ मा एडल्फ हिटलर जर्मनीको चान्सलर भयो, जसको मतलव हुन्थ्यो मुसोलिनीलाई एकजना बलियो शक्तिशाली फासिष्ट पक्षधरको सहयोग र समर्थन। दोस्रो, अक्टुबर १९३५ मा इटालीले इथोपियामाथि आक्रमण गरयो। एक बर्षभन्दा कम समयमानै फासिष्ट फौजले कमजोड हातहतियार भएको र बिशाल फौजीसंख्या भएका इथियोपियनहरूलाइ कुल्चीयो। यस समयमा मुसोलिनीको शक्ति एक दम उच्च बिन्दुमा पुगेको थियो। उसले प्राचीन रोमका बसिन्दाहरूको लागि एउटा अफ्रिकन साम्राज्य बनाउन चाहान्थ्यो। तत्कालिन लिग अफ नेसन्स (हालको संयुक्त राष्ट्रसंघ) ले मुसोलिनीको यो कार्यको निन्दा गरयो र इटाली माथि दण्ड नाकाबन्दी लगाउने निर्णय पास गरयो। तर यसले त मुसोलिनीलाइ इटालीको हिरो बनाउने मात्र काम गरयो। किनभने उ आफनो सैनिकीकरणको बिरोध गर्ने केही दर्जन देशहरूका बिरुद्ध जाइलाग्यो। तर इथियोपियनसंगको सो लडाइले इटलीलाइ उसको सैनिक र आर्थिक क्षेत्र तहस नहस बनायो। सोही समयमा उसमाथि उसले गरेको अतिक्रमणको अन्तराष्ट्रीय दबावले गर्दा मुसोलिनीलाइ हिटलरको अझ नजिक गएर हिटलरसंग संझौतागर्न बाध्य पारयो, जसले जर्मनीलाइ लिग अफ नेसन्स बाट अलग गरेको थियो।

जब हिटलर र मुसोलिनी एक आपसमा मिलेर काम गरे, तिनीहरू एक अर्काका शत्रु र साथी दुबै भए। हिटलरले मुसोलिनीको बिदेश नीती आफैद्धारा निर्देशित गरेको अनुमान गर्न सकिन्छ। जर्मनी र इटली दुबैले जुन १९३६ मा भएको स्पेनिस गृहयुद्धमा त्याहाँको तानाशाहा जनरल फ्रान्सीस्को फ्रान्कोको फासिष्ट सेनालाई सैनिक सहयोग गरेका थिए। यद्धेपी मुसोलिनीले आफना फासिष्ट फौजले इटलीलाई एउटा सैनिक बिश्व शक्ति भनेर दाबी गरेको थियो। इटालियन सेनाले स्पेनमा धेरै नसोचिएका हानीहरूको सामना गर्नु परयो। अनि नोभेम्बर १९३६ मा मुसोलिनीले नाजी जर्मनसंग औपचारीक सैनिक गठबन्धन रोम–बर्लिन एक्सीजको अस्तित्वको घोषणा गरयो। फासिज्म एक समयमा केबल इटलीको घरेलु समस्याको समाधानको रूपमा भएको, पछि आएर ब्रिटेन, फ्रान्स, संयुक्त राज्य अमेरीका र अन्य अरु प्रजातान्त्रीक र खासगरी कम्युनिस्ट देशहरूको बिरुद्ध घोषित शत्रुको रूपमा अगाडी आयो। इटालीको फासिज्म हिटलरको सबै युरोप र रसियामा पनि झण्डा गाडने योजनासंग गहीरोगरी जोडीएको थियो। हिटलरसंगको यस्तो सझौताले गर्दा इटालीलाई अन्तराष्ट्रीय समुदायबाट अरु बढी एकलायो, जसले मुसोलिनीलाइ अन्तराष्ट्रीय ब्यपार बिना स्वयम टिक्नुपर्ने स्थितिमा पुरायो। जब इटलीले युद्धको लागि आफूलाइ तयार पारयो। सरकारी प्रचारप्रसारहरू ज्यादै युद्धउन्मुख हुदै गए। ठूलठूला जुलुस प्रदर्शनहरूमा सैनिकीकरणको स्वर आउन थाल्यो र मुसोलिनीलाइ अनाबस्यक महत्व दिने र गौरबको रूपमा प्रस्तुत गर्न थालियो। इटालियन सैनिकहरूले रोमको आफनै पहल भन्दा भन्दै नाजी दोस्तहरूसंग मिलेर उनीहरूकै हिडाइको नक्कल गरे।

यद्धपी इटालिएन फासिष्टहरूले नाजी जातीबादीलाई एउटा हास्यको पात्र बनाएका थिए र इटालीमा कुनैपनि " यहुदी समस्या" नभएको घोषणा गरेका थिए तर १९३८ मा इटालियन सरकारले एक्कासी नाजीले जस्तै यहुदी र उनीहरूका भाषा बिरुद्ध कानुन पास गरेका थिए। यो नयाँ कानुनले यो सिद्ध गरयो कि इटलीमा इटालियन यहुदीहरू छन। यस्तो नीतिले अन्त्यमा इटाली कैयन सामाजिक गणतन्त्रहरूको फासिष्ट सरकार – उत्तरी इटलीमा नाजीको कठपुतली सरकारको रूपमा पुरायो जब यस सरकारले १९४३ मा नाजीहरूको आत्मदाह केन्द्रहरूमा करीब ८००० यहुदीहरूलाई मृत्युको मुखमा पठायो। मुसोलिनीलाई थाहा थियो कि उसको देश ठूलो युरोपियन युद्धको लागि राम्ररी तयार थिएन र उसले आफनो प्रभावलाई दोस्रो बिश्व युद्ध शुरु हुनु भन्दा अगाडी नै शान्तीलाइ तोडन प्रयोग गरयो। तर उ आफनै सैनिकको बेइमानीपन र उनीहरूको बितेका कथाहरूको कैदी भइसकेको थियो। जब हिटलरका फौजहरू १९४० को बसन्तमा बेल्जीयम हुदै फ्रान्स प्रबेश गरे, मुसोलिनीले आफनो तटस्थालाइ छाडयो र फ्रान्स–बिट्रेनका बिरुद्ध युद्धको घोषणा गरयो। यसरी मुसोलिनीले इटलीलाइ आफना शक्तिशाली गठबन्धनहरूका बिरुद्ध युद्धमा सम्मिलीत गरायो, जसमा ब्रिटेन सम्राज्य, रुस र संयुक्त राज्य अमेरीका थिए। यद्धेपी मुसोलिनीले युद्धमा बिजयहुने दाबी गरेता पनि, इटलीका हतियारधारी शक्ति ज्यादै कमजोड थियो र युद्धको लागि तयार थिएन। इटालियन सेनाले १९४० र १९४१ वा *बाँकी ६ पृष्ठमा*

लखन गाउँपालिकामा 'कला साहित्य तथा सांस्कृतिक प्रवर्द्धन' कार्यक्रम

गोरखा । सहिद लखन गाउँपालिका गोरखामा आज 'कला, साहित्य तथा सांस्कृतिक प्रवर्द्धन कार्यक्रम' सम्पन्न भयो । लखन गाउँपालिकाको आयोजना तथा 'सहिद लखन साहित्य समाज'को सह-आयोजनामा कार्यक्रम भएको हो । उक्त कार्यक्रमको समन्वय तथा सहजीकरण इच्छुक सांस्कृतिक प्रतिष्ठानले गरेको थियो ।

प्रथम शत्रको कार्यक्रम सकिएको लगत्तै विधागत प्रशिक्षण सञ्चालन गरिएको थियो । उक्त कार्यक्रममा इच्छुक प्रतिष्ठानका सदस्यसचिव मोदनाथ मरहट्टाले कार्यक्रमको सहजिकरण गर्नुका साथै विषयको उपस्थापन गर्नुभएको थियो । साहित्यका विभिन्न विधाहरू कविता, गीत, गजल, मुक्तक, हाइकु, कथा, संस्मरण, डायरी र पत्र साहित्य जस्ता विषयमा विषय विज्ञहरूबाट प्रशिक्षण चलाइएको थियो । यसरी प्रशिक्षण दिनेहरूमा प्रा.डा. जगदीशचन्द्र भण्डारीले कला, साहित्य, सौन्दर्यको विषयमा र प्रा.डा. नन्दीश अधिकारीले संस्मरण, निबन्ध, पत्रसाहित्य तथा डायरी लेखनकलाका बारेमा प्रशिक्षण दिनुभएको थियो । त्यसैगरी हिरामणि दुःखीले कथा लेखनको विधासिद्धान्तका बारेमा, तेजविलाश अधिकारीले हाइकु तथा मुक्तक लेखन र भीम रानाभाटले गीत लेखनका बारेमा प्रशिक्षण दिनुभएको थियो ।

दुई चरणमा गरिएको कार्यक्रको उद्घाटन शत्रको अध्यक्षता पालिका प्रमुख रमेशबाबु थापाले गर्नुभएको थियो भने सञ्चालन सो पालिकाका सामाजिक विकाश शाखाका प्रमुख पूर्णबहादुर गहतराजले गर्नुभएको थियो । साहित्यकार विष्णु काप्रिले स्वागत गरेको कार्यक्रमा शुभकामना मन्तव्य इच्छुक सांस्कृतिक प्रतिष्ठानका अध्यक्ष हिरामणि दुःखीले दिनुभएको थियो । प्रथम शत्रको समापन गर्दै पालिका प्रमुख रमेशबाबु थापाले यो साहित्यिक कार्यक्रमले पालिकाका विद्यार्थी तथा शिक्षकहरूलाई साहित्य लेखन सम्बन्धी ज्ञान प्रशारण गर्ने बताउनुभयो । सो कार्यक्रममा लखन गाउँपालिका अन्तरगतका एघार वटा माध्यमिक विद्यालयबाट माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थी र शिक्षकहरूको बाक्लो उपस्थिति रहेको थियो ।

दुई दिनसम्म सञ्चालन गरिने कार्यक्रममा आज उद्घाट र प्रशिक्षण कार्यक्रम सम्पन्न भयो भने भोली सहभागी विद्यार्थी, शिक्षक तथा अन्य साहित्यकारहरूबाट विभिन्न विधाका रचना वाचन गरिने र उक्त वाचित रचनाहरूको समीक्षा गर्दै कार्यक्रम समापन गरिने आयोजकहरूले जनाएका छन् ।

एकपटक...

दुबै युद्धमा बेइज्जतिपूर्बक हार खानु परयो । र मुसोलिनीको इटलीमा भएको लोकपृयता डगमगाउन थाल्यो ।

जुलाइ १९४३ मा नाजीको दबावको बाबजुद आफना बर्गिय गठबन्धनबाट हार खाएकोले इटलीको फासिष्ट ग्रायण्ड परिषदले मुसोलिनीको बिरुद्ध अबिस्वास प्रस्थाब पास गरयो । उसलाइ फासिष्ट पार्टीको प्रमुख बाट हटाइयो । राजाले त्यस्तो निर्णयलाई स्विकृत दिए । राज्य प्रमुखको रूपबाट मुसोलिनीलाई बरखास्त गरे र उसलाइ गिरफतार गरीयो । बहुसंख्यक इटालीयनहरू मुसोलिनीलाई उसले गरेको गल्तीको लागि उसलाइ पदबाट पदच्युत गरीएको खबर सुनेर अत्यन्तै हर्षित भए । उसको पछाडीरहेको तथाकथीत लोकपृयता एकैछिनमा कट्टरपन्थिहरूको अनाबस्यक उत्साहा मात्रै छाडेर बाष्पीकरण भएर हाबामा उडयो । त्यसो भएतापनि, नाजी कमाण्डोहरूले मुसोलिनीलाई पाहाडको चुचुरोमा भएको जेलबाट बाहीर निकाले र हिटलरले उसलाई उत्तरी इटलीमा भएको नाजी कठपुतली सरकार – इटालीयन समाजबादी गणतन्त्रको कडा निगरानी र नियन्त्रण अन्तरगत राख्यो । नाजीहरूले मुसोलिनीलाइ आफनो नियन्त्रणमा राखे र उसलाइ फासिष्ट बिरोधी प्रतिरोधी लडाकुहरू – पार्टीजन्सलाई दबाउन प्रयोग गरयो र यसले जर्मनको हारलाई केही ढीलो गरायो । पार्टीजन्सहरूले अप्रिल १९४३ मा मुसोलिनीलाई जब उ गुप्त भेषमा स्वीटजरलैण्ड तर्फ भागेर जान खोजेको थियो, गोली हानी खसालेर मारी दिए । त्यसपछि हजारौ हजार इटालियन सैनिकहरूले इटालीमा नाजीहरूको साथमा मिलेर युद्ध लडन बाध्य भए र रसियन मोर्चामा वा नाजी सासनमा दास मजदुरहरूको रूपमा काम गरेर ज्यादै कठीन जीबन बिताउनु परयो ।

(घ) जर्मनी फासिज्म – हिटलरी फासिज्म

इटली भन्दा बाहीर फासिष्ट आन्दोलनले शान्तिको समयमा सत्तामा आउन सफल भएको देश जर्मन हो । त्यहाँ त्यसलाइ जर्मनको राष्ट्रीय समाजबादी जर्मन कामदारहरूको दल – नाजीज भनिन्थ्यो । राष्ट्रिय समाजबादी कार्यक्रमको महत्वपूर्ण केन्द्रीय पक्ष भनेको जर्मनीको कमजोर हुदै गएको तथाकथीत नैतिकता र मर्दै गएको जातीय बिखण्डन बिरुद्धको युद्धको बिचार र नीति र त्यसबाट शुरुवात गर्ने देशको पुनरजन्म । यसमा आधारीत संघर्ष र नयाँ जीबन ल्याउने कुराले नाजीबादको घेरै बैचारीक ब्याख्याहरूलाई ओझेलमा पारी दियो । हिटलरको मेन क्याम्फ (मेरो संघर्ष १९३९) र उसको प्रचारप्रसार मन्त्री जोशेफ गोयबल्सका बकतब्यहरू र रेबी केह फेक्स को फिल्म – ट्रुम्फ अफ द वील १९३५ आदि समेत ।

नाजी सरकारका सबै कामहरूले पुरानो जर्मनको कथीत बिरामीपनलाई ध्वस्त पार्ने र नयाँ स्वस्थ समाजको निर्माण गर्ने– यी दुइवटा दोधारे उद्देश्यहरूलाई सेबा पुरायो । सरकारले प्रजातान्त्रीक स्वतन्त्रतालाई र संस्थाहरूलाई खतम पारयो, किनभने तिनीहरूलाई राष्ट्रलाई बिभाजन गर्नेको रूपमा हेरीएको थियो । उनीहरूको ठाउँमा सरकारले एउटा निरँकुश राज्य बनायो, जसलाइ तेम्रो रिट्ज भनिन्छ, जसले नयाँ समाजको केन्द्रको रूपमा काम गर्ने छ । नाजीहरूले जर्मन संस्कृतीलाई प्रबर्धन गरे, इस्वरबादलाई भित्राए र यसैलाइ निस्चीतगर्ने कोशीस गरेकी सबै जर्मनहरू भौतिकरूपले र मानसीकरूपले एउटा आर्यान सुहाउदो हुन र त्यसो हुनु पर्दछ । तर यी उद्देश्यहरू प्राप्त गर्नका लागि, नाजी सत्ताले भौतिक र मानसिकरूपले उत्पादनहीन बनाउने खालका किताबहरू, पेन्टींगहरू ब्यापक प्रकाशन गरी तीनीहरूको मौलिकता, गुणहीनता बनायो र लाखौं मानिसहरू जो "रिट्ज" अथवा " सब हयूमन" का बिरोधी थिए, तिनीहरूलाई शत्रुको रूपमा दबाइयो र दास बनाइयो । यो नयाँ रूपमा आउने र ध्वस्तको मिलनबिन्दुलाई नाजीबाद स्वस्तीका (चारवटा हातहरूलाई क्रस गरेर ९० डिग्रीको कोण पार्ने) को प्रचारप्रसार चींहद्धारा अंकित गरीयो । जर्मन प्रचारप्रसार संयन्त्रले स्वस्तीकालाई उदाइरहेको सूर्य र पुनरजन्म भएको को रूपमा पहिचान गरयो किनकि चींहका बारहरूले स्थीर चक्रलाइ स्विकार गर्छ । यसले गरेका अनगिन्ती हत्या, आतंङ्कहरूले गर्दा स्वस्तीकालाई एउटा नीर्दयी, कालजन्य र आतङ्ककोरूपमा पहिचान गरीन्छ ।

(ङ) हिटलरी फासिज्म (नाजीबाद) का मुख्य बिशेषताहरू

नाजीबादका दुइवटा बिशेषताहरू जसले एक आपसमा जोडीएर यसलाइ शक्तिमा आएपछि यतिधेरै निरम्शखालले ध्वम्सात्मक र जंगली बनायो । पहिलो बिशेषता भनेको नाजीहरूको राष्ट्रिय महानताको ढोंग थियो । यो ढोंगले जर्मनलाइ दैबीशक्तिले गर्दा नै एउटा सम्राज्य र बिशाल सैनिक शक्ति हुन सक्यो भन्ने थियो । यो ढोगको मिलनबिन्दुमा राष्ट्रको धारणा यो थियो कि राष्ट्रीय इतिहाँस, जाती, बंशाणु र प्रकृतिको छनौट सम्बन्धीत अर्ध बैज्ञानीक सिद्धान्तहरूमा भएका गुणहरूबारेमा गरीएका रोमान्स खालका भनाइहरूको समीश्रण थियो । यसले स्वाभाबीकरूपले जर्मन भीत्र सबै जर्मन जातीहरू वा जर्मन समुदायहरूको पहिलो एकता गर्ने र अनि जातीय शत्रुहरू देखि स्वतन्त्र एउटा बिशाल युरोपियन सम्राज्य निर्माण गर्ने सिद्धान्तमा आधारीत थियो । यी बिचारहरूले सोच्नै नसकेका हिंसा र अमानबीयताको अन्तराष्ट्रीय युद्धतर्फ धकेल्यो ।

नाजीबादको दोम्रो महत्वपूर्ण बिशेषता यो थियो की यो आधुनिक आर्थिक र सामाजीक परीप्रक्ष्यमा बिकसीत भर्एको थियो । जर्मनको प्रथम बिश्व युद्धमा हार हुँदा पनि यो देश भोतिक संरचना, सरकारी प्रभावकारीता, उधोग, आर्थिक सम्भाब्यता र शिक्षाको स्तरीयता आदीको लागि अझैपनि बिश्वको सबभन्दा बिकसित र सम्पन्न देशहरू मध्य एउटा थियो । जर्मनीसंग राष्ट्रीय गौरबमा आधारीत जगहरूको गहीरो अनुभूती पनि थियो र कर्तब्य र अनुशासनलाई जोडदिएको एउटा नागरीक सचेतना थियो । यसको साथै, यो राष्ट्रसंग एउटा यहुदी प्रतिको घृणा र सम्राज्यबादको लामो परम्परा थियो र दैबीशक्ति प्राप्त नेताहरूप्रति आदरभाव थियो । जर्मनीमा प्रजातन्त्रीय संस्थाहरूको कमजोर जरा थिए र प्रथम बिश्वयुद्ध पछि प्रजातन्त्रलाई जर्मन सुहाउदो नभएको भनेर पूर्णत इन्कार गरीयो ।

(च) हिटलरको शक्तिमा उत्थान

जर्मनको आधुनिकता र यसको जातीयता, सम्राज्यबादी अति राष्ट्रबादीता आदीको खतरायुक्त मिलन प्रथम बिश्वयुद्ध पछि जर्मनीमा स्थापीत गरीएको बाइमर गणतन्त्र – संसदीय सरकारको आर्थिक, राजनैतिक असफलताको रूपमा देखा परयो । मुसोलीनी भन्दा फरक हिटलरले यस्तो एउटा देशलाई नियन्त्रणमा लियो जसको बलियो औधोगिक, सैनिक र शक्तिशाली सरकारको आधार जसलाई प्रथम बिश्वयुद्ध पछि पूर्णत सुसुप्त भएको थियो । हिटलर मुसोलीनी भन्दा धेरै शक्तिशाली पनि भयो किनकी नाजीहरू ब्यापकरूपले स्थापीत परम्परागत मान्यताहरूमा सामान्य उग्रता प्रदर्शनलाई प्रदर्शीत गरीएको थियो । जबकी इटलीका फासिष्टहरूले नयाँ निर्माण गर्नै पर्ने थियो । यद्धेपी १९३२ को प्रजातान्त्रीक निर्बाचनमा नाजी पार्टीले जर्मन संसदमा नियन्त्रण गरेको थियो, १९३३ मा हिटलरले संबिधानलाइ निलम्बीत गरयो, राष्ट्रपति शाशन खारेज गरयो र आफैले आफूलाइ जर्मनको नेतामा घोषणा गरयो र सत्तामा आएपछि हिटलरले नयाँ जर्मनलाई उच्च राजनैतिक संस्कारलाई तुरुन्तै आत्मसात गर्न सक्ने शक्तिको रूपमा आफनो फासिष्ट दृष्टीकोण लागु गर्न सक्षम भयो । थर्ड रिटजले तुरुन्तै जर्मनको र युरोपको बिशाल क्षेत्रहरूको रूपान्तरणको लागि उसको ब्यापक क्षेत्र ओगटने योजना कार्यान्बयन गने प्राबिधीक, संगठानात्मक, सैनीक र सामाजीक माध्यमहरूको निर्माण गरयो ।

नाजीहरूको नयाँ जर्मन साम्राज्य निर्माण गर्ने प्रयासले १९४० को दौरानमा छ लाख भन्दा बढता मानिसहरूको क्रमबद्ध रूपमा हत्या गरयो । र नाजीहरूको आक्रमण र देशहरूमाथीको अतिक्रमणले गर्दा लाखौ अरु मानिसहरूको मृत्यु भयो । शुरुमा नाजीहरूले हुदीहरूको हत्या गरे, तर त्यो क्रम अप्राकृत यौन मार्गीहरू, अपांग मानिसहरू र अल्पसंख्यक धार्मिक समुदायका मानिसहरू जस्तै होस माओसका साछीहरू । यी सबै हत्याहरू र बिध्वंसहरू नाजीहरूको यो मान्यतामा आधारीत थियो की यस्ता गैर जर्मनहरूले नै राज्यको शक्तिलाई कमजोड बनाएको थियो । सोही समयमा नाजीहरूले नयाँ जातीयताबादी साम्राज्य बनाउने प्रयासको लागि युरोप नियन्त्रण गर्ने प्रयास गरे । यो प्रयासले गर्दा दोम्रो बिश्वयुद्धको जन्म भयो र जसमा लाखौ सैनिकहरू र नागरीकहरूको मृत्यु भयो । युद्धमा शुरुमा भएको सफलता पछि जर्मनले आफूलाई सबै पक्षहरूबाट हार खाइरहेको पायो । जर्मनी फौज पूर्बी युरोपमा र उत्तरी अफ्रीकामा उनीहरूले हजारौ शत्रुहरूको युद्ध बिमानहरू, टयाङ्कहरू र जहाजहरूको सामना गर्नु परयो । केही हार खाएपछि हिटलरले अप्रिल १९४५ मा आफूले आफै लाइ आत्महत्या गरी मारयो र त्यसको लगत्तैका महीनाहरूमा जर्मनीले शत्रु देशहरूको अगाडी आत्मसमर्पण गरयो ।

यसैगरी विश्वका विभिन्न देशहरूमा जस्तै १९३० को दशकमा स्पेनमा जनरल फ्रान्सीस्को फ्रान्का, १९३० को दशक र १९६८ को दशकमा पूर्तगाल– एन्टोनीयो द ओलिभेरा सलाजार , १९३३ – ३८को दशकमा अस्ट्रीयामा इगल बर्ट डोलफास, १९४० – ४५को दशकमा फ्रान्समा हेनरी फीलिप पेटेप र हंगरीमा फरनेक सजालासी (आर्मी अफिसर) र १९३०–३९को दशकमा रुमानीयामा आइरन गार्ड (एन्टोनीएक्यू)आदि प्रशिद्ध छन् । तर यी सबै फासिष्टहरूको पतन नराम्रो गरी भएका इतिहास छ । वर्तमनका लागि पनि यो सत्य हो ।

singhhukum683@gmail.com

❑ यो साता कविता

पुरस्कार

❑ जगदीशचन्द्र भण्डारी

जब उसले पुरस्कार पायो
खुसीले गदगद भयो

थाहै नपाई
प्रधानमन्त्री
थाहै नपाई
थरीथरीका मन्त्री
मुलुकका
नामी पदहरुमा
जब नाम टाँसियो

महान सहिदहरुलाई
कसिलो थप्पड
लगाउन पायो
जनताको उत्सर्गमा
क्रूर र भद्दा संवाद
गर्न पायो
उसलाई एकदम खुसी लाग्यो

हैसियत र क्षमताबिना नै
पदक उपाधि
गोज्याङ्गोको हातमा प-यो
मानिस उभिएको धरती
अनि दुनियाँमाथिको आकाश
पसिनाको नदीलाई
असभ्य अश्लील अमानवीय
शब्दमा गाली गर्न थाल्यो

मानिसहरु भन्नुहुन्छ
यस्तो अवस्थाको
पर्दा कतिबेर रहन्छ हँ

लुसिफरको अहंकार

❑ नविन खडका

घन्टे गजेडी लुसिफर भनिने सिंहासनमा चढेर,
जनताको पसिना माथि शासनको तमासा बढेर।

बालेन्द्र सरकार भन्दै न्यायको मुखौटा लगायो,
तर गल्ली-गल्ली गरिबको सपना फेरि जलायो।

सुकुम्बासीको झुपडीमा आँधी बनेर आयो,
भोकै बच्चाको आँसु माथि विकासको गीत गायो।

नक्सा र कानूनको नाममा घरबार खोसियो,
मान्छेको पीडा भन्दा कुर्सी ठूलो ठानियो।

विद्यार्थी सडकमा नारा बोकेर उत्रिए,
"न्याय चाहिन्छ !"भन्दै सत्यका मशाल बालिए।

कलम समात्ने हातहरु डरले रोकिएनन्,
अन्धकारका सामुन्ने चेतनाका दीप निभेनन्।

जनता चुप बस्दैन अब अन्यायको भारमा,
सत्यको आवाज उठ्छ हरेक टोल बजारमा।

लुसिफरको अहंकार धेरै दिन टिक्दैन,
जनताको न्याय अगाडि झुटो सत्ता बिक्दैन।

सुकुम्बासीको अधिकार माटोसँग गाँसिएको,
विद्यार्थीको सपना भविष्यसँग बाँधिएको।

जब जनता एकजुट भई सडकमा बोल्छन्,
त्यसपछि सिंहासनहरु पनि काँप्न थाल्छन्।

यी जनपक्षीय मिडियाहरू खोजी खोजी पढौं !

- www.moolbato.com
- www.hanktoday.com
- www.daunnenews.com
- ww.isthaniyapatra.com
- www.navadristi.com
- www.hamrokalapani.com
- www.hamroonline.com
- www.newsabhiyan.com
- वर्गदृस्टि साप्ताहिक
- हाँक साप्ताहिक

सत्ताको...

हो। जब राज्यले यी समस्याहरू समाधान गर्नुको सट्टा दमन, नियन्त्रण र प्रचारमा बढी ध्यान दिन्छ, तब जनताको असन्तोष स्वाभाविक रूपमा बढ्छ। यसलाई खाली "राजनीतिक असन्तोष" भनेर बुझ्नु पर्याप्त हुदैन; यो वास्तवमा वर्गीय असन्तुलनको अभिव्यक्ति हो।

यस सन्दर्भमा मुख्य प्रश्न उठ्छ, सत्ता कसका लागि काम गरिरहेको छ? यदि राज्यका नीति, बजेट, कानुन र निर्णयहरू विश्लेषण गरियो भने स्पष्ट हुन्छ कि ती कसको हितमा केन्द्रित छन्। के ती श्रमिक, किसान र आम जनताको जीवनस्तर उकास्न केन्द्रित छन्, वा पुँजी र शक्तिशाली वर्गको संरक्षणमा? यही विश्लेषणबाट सत्ताको वास्तविक चरित्र उजागर हुन्छ। खाली भाषण, नारा वा प्रचारबाट होइन, व्यवहारिक नीतिहरूबाट सत्ताको वर्गीय पक्षधरता पहिचान गर्न सकिन्छ।

अन्ततः, सत्ता स्वभावतः निर्मम हुन्छ भन्ने बुझाइ आंशिक सत्य हो। पूर्ण सत्य भने यो हो कि सत्ता सधैं वर्गीय हुन्छ, र त्यसको निर्ममता पनि वर्गीय स्वार्थअनुसार प्रयोग हुन्छ। त्यसैले कुनै पनि समाजमा परिवर्तनको सवाल खाली "सत्ताको शैली परिवर्तन" को होइन, बरु "सत्ताको वर्गीय आधार परिवर्तन" को हो। जबसम्म उत्पादन सम्बन्ध र वर्गीय संरचना परिवर्तन हुँदैन, तबसम्म सत्ता जति नै लोकतान्त्रिक देखिए पनि अन्ततः निर्मम र पक्षपाती नै रहन्छ।

यसैले आजको बहसलाई व्यक्ति वा घटनामा सीमित नगरी, व्यापक वर्गीय दृष्टिकोणबाट विश्लेषण गर्नु आवश्यक छ। यही दृष्टिकोणले मात्र सत्ताको वास्तविक चरित्र बुझ्न र समाज रूपान्तरणको मार्ग पहिचान गर्न सहयोग पुऱ्याउँछ।

केन्द्रीय...

जारी गर्नुभएको वक्तव्यमा अहिले सरकारले सुकुम्वासीमाथि चलाएको राज्य आतंकका विरुद्ध देशव्यापी रूपमा सुकुम्वासी जनता, क्रान्तिकारी शक्तिहरू र नागरिक समाजले प्रतिरोध सुरु गरेपश्चात तत्काल सरकार पछि हट्न बाध्य भएको जनाइएको छ। वक्तव्यमा केन्द्रीय संयुक्त संघर्ष समितिले सुकुम्वासी जनताको देशव्यापी संघर्षलाई दृढ समर्थन र ऐक्यबद्धता प्रकट गर्दै कार्यकर्ता पंक्ति र आम जनसमुदायलाई त्यस संघर्षमा सामेल हुन अपिल समेत गरेको छ।

वक्तव्यमा भनिएको छ, "१) राजधानीमा उठीबास लगाई बिचल्लीमा पारिएका सुकुम्वासीलाई तुरुन्त उचित बसोबासको व्यवस्था गर्न, बच्चाहरूको पठनपाठनको प्रबन्ध गर्न, होल्डिङ सेन्टरमा निर्वाध सञ्चारकर्मीलाई प्रवेश दिन र सुकुम्वासीहरूलाई क्षतिपूर्तिको व्यवस्था गर्न केन्द्रीय संयुक्त सङ्घर्ष समिति माग गर्दछ।

२) राष्ट्रिय स्वाधीनतामाथि झन्झन् खतरा बढेको निष्कर्षसहित केन्द्रीय संयुक्त सङ्घर्ष समिति एमसीसी सम्झौता लागु गर्ने प्रक्रिया तुरुन्त रोकी त्यसलाई खारेज गर्न माग गर्दछ। त्यसैगरी षड्यन्त्रपूर्वक नेपालमाथि लादन खोजिएको एसपीपी कार्यक्रमतिर अघि नबढ्न सरकारलाई चेतावनी दिन चाहन्छ।

३) हालै लिपुलेक पास हुँदै भारतले मानसरोवर यात्रा सुरु गर्नु नेपालको सार्वभौमिकतामाथि ठाडो प्रहार हो। भारत र चीन दुवैको सहभागितामा यो कार्य हुनुले नेपाली देशभक्त जनतालाई गहिरो गरी झस्काएको छ। नेपाली देशभक्त जनता यस कदमलाई ठाडै अस्वीकार गर्दछन्। लिम्पियाधुरासम्मको नेपाली सार्वभौमिकताको रक्षाको निम्ति दृढतापूर्वक कुटनीतिक कदम चाल्न र आवश्यकता अनुसार अन्तर्राष्ट्रिय मुद्दा बनाउन केन्द्रीय संयुक्त सङ्घर्ष समिति सरकारसँग माग गर्दछ।

४) अकासिएको महङ्गीले जनजीवन निकै नै कष्टकर बनेको छ। तर नियन्त्रणको कदमप्रति सरकार पुरै बेखबर छ। केन्द्रीय संयुक्त सङ्घर्ष समिति महङ्गी नियन्त्रणको ठोस रणनीति तयार गरी व्यवहारमा लागू गर्न जोडदार माग गर्दछ। ५) सुकुम्वासी जनतामाथिको राज्य आतंक, महङ्गीको अत्याचार र राष्ट्रिय स्वाधीनतामाथिको खेलबाडका विरुद्ध आगामी वैशाख ३० गते राजधानीसहित देशव्यापी आयोजना गरिने विरोध प्रदर्शनमा भाग लिन सबैलाई हार्दिक अपिल गर्दछ। ६) सरकारको विद्यार्थी संगठन र ट्रेड युनियनमाथि प्रतिबन्ध लगाउने दृष्टता संविधानको मौलिक हक र अन्तराष्ट्रिय मान्यताको समेत खिलाफमा छ। यसले राज्यलाई फासीवादीकरण गर्नेछ। केन्द्रीय संयुक्त संघर्ष समिति सरकारले यो कदम तत्काल फिर्ता लिन र दशकौंको बलिदानबाट प्राप्त अधिकारमाथि खेलबाड नगर्न चेतावनी दिन चाहन्छ।

७) चक्रिय प्रणालीमा आधारित विधि मुताबिक केन्द्रीय संयुक्त सङ्घर्ष समितिको अबको संयोजकको जिम्मेवारी कमरेड धर्मेन्द्र बास्तोला 'कञ्चनु ले पूरा गर्नु हुनेछ।"

खेलकुदले...

फूटसलको इतिहास शुरु भएको थियो, यसलाई १९८९ मा 'फिफा'ले मान्यता दियो। यसले युवाहरूलाई अनुशासन, मित्रता, स्वास्थ्यलाभ, आत्मविश्वास र एकताभाव ल्याउन र संगठित हनु मदत गर्दछ। त्यसैले युवाहरू यस खेलप्रति नेपालमा पनि आकर्षित भएका छन् तर सरकारले यसप्रति राम्रो लगानी र ब्यवस्थापन गरिरहेको छैन। यस खेलको लागि राम्रो व्यवस्थापन आवश्यक छ, त्यो आवश्यकता बैज्ञानिक समाजवादी व्यवस्थाले मात्र पुरा गर्नसक्नेछ।'

यसैगरी 'रेड स्टार स्पोर्टिङ क्लव'का कानुनी सल्लाहकार फडिन्द्र कार्कीले पनि उक्त समारोहमा खेलकुद सफलताको शुभकामना दिनुभएको थियो। यसैगरी समारोहको अध्यक्षता रेड स्टार स्पोर्टिङ क्लवका अध्यक्ष सुरेन्द्र श्रेष्ठले गर्नुभएको थियो भने उद्घोषण क्लवका सदस्य निशा राईले गर्नुभएको थियो। स्वागत मन्तव्य पर्शुराम राईले गर्नुभएको थियो। उक्त एक दिवसीय प्रतियोगितामा २० वटा फुटसल टोलीले भाग लिएका छन्।

बुटवलमा...

अव्यवस्थित बसोबासीहरूलाई उठिबास लगाउने गरी डोजर आतंक मच्याएको उनिहरूको आरोप छ।

'डोजर आतंक बन्द गर, अव्यवस्थित बसोबासीलाई व्यवस्थित गर, गाँसबासको व्यवस्था गर, जबरजस्ती हटाउने अभियान बन्द गर, सुकुम्बासी हुनु रहर होइन, बाध्यता हो, गरिबलाई बाँच्न दे, डोजर होइन समाधान दे, गाँस, बास र कपासको सुनिश्चित गर, बालेन सरकार राजीनामा दे'लगायतका प्लेकार्ड बोकेर उनीहरूले प्रदर्शन गरेका हुन्।

प्रदर्शनमा रूपन्देहीको बुटवलसँगै, देवदह, तिलोत्तमा, सैनामैना, सियारी, शुद्धोधनलगायतका पालिकाबाट भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरू सहभागी छन्। राजमार्ग चौराहाबाट सुरु भएको विरोध ऱ्याली मिलनचोक-अस्पताल लाइनहुँदै ट्राफिक चोकमा पुगेर कोणसभा गर्ने बताइएको छ। रूपन्देहीमा झण्डै ८० हजार घरपरिवार भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासी रहेको तथ्यांक रहेको छ।

उपत्यकाका...

बालेन्द्र सरकारले सुकुम्बासी नागरिकको मानवताको हुर्मत लिइरहेको छ।

सर्वोच्चले यो मुद्दामा सुनुवाइ ढिलो गर्दा वालेन नेतृत्वको सरकारले कयौं ठूला सुकुम्वासी तथा अव्यवस्थित बस्ती ध्वस्त बनाइसकेको छ।

होल्डिङ सेन्टरमा सुकुम्बासीहरूको कन्तबिजोग

सरकारले काठमाडौंका विभिन्न सुकुम्बासी बस्तीबाट उठिबास लगाएकाहरूमध्ये केहीलाई नगरकोट र बनेपातिर लगेर राखेको छ। कतिपयलाई उपत्यकाकै विभिन्न स्थानमा लगेर राखेको छ।

यसअघि बालाजु, माछापोखरी लगायत ठाउँका लजमा राखिएका सुकुम्बासीलाई एकाएक उठाएर नगरकोट र बनेपा पुऱ्याइएको छ। केहीलाई नगरकोटको खानेपानी तालिम केन्द्रमा र केहीलाई बनेपाको रेडक्रस भवनमा लगेर राखिएको सुकुम्बासीहरूको गुनासो छ।

आफू बसेको स्थानमा अनौपचारिक श्रम गरेर बाँचेका, बसेकै स्थान नजिकको स्कूलमा छोराछोरी पढाएका, विरामी, बृद्ध, अशक्त, सुत्केरी लगायतका नागरिकहरूलाई रातारात काभ्रे पुऱ्याएपछि सुकुम्बासीहरूलाई थप चिन्तित र भयग्रस्त बनाएको छ।

धेरैजसो सुकुम्बासी काठमाडौंका विभिन्न ठाउँमा दैनिक ज्यालादारी काम गर्छन्। लजमा बस्नेहरू पनि बिहान आफ्नो नाम टिपाएर काममा निस्कने गरेका थिए। दैनिक काममा जानेहरू कति बजे निस्के र कति बजे फर्के भनेर रेकर्ड राख्ने गरिएको थियो।

अहिले १२४ जनालाई बनेपाको रेडक्रस भवनमा राखिएको छ। त्यहाँ खाना नियमित छैन। पानीको प्रबन्ध पनि छैन। पुरूषहरूलाई लहरै एउटै हलमा राखिएको छ। महिलाहरूका लागि छुट्टै राखिएको छ। स्रोतका अनुसार त्यहाँ ल्याएका कतिपय भागिसकेका छन्। अहिले उनीहरू प्रशासनको सम्पर्कमा छैनन्। एक सुकुम्बासीले भने, "उनीहरू जाने ठाउँ नभएर भागे कि यहाँको अवस्था देखेर भागे, त्यो चाहिँ थाहा छैन,' उनले भने, 'यहाँ त हालत खराब छ। मैले दुई दिन भयो राम्ररी खाना पनि खाएको छैन। खाना खोज्न जान पनि यहाँबाट आधा घन्टा लाग्छ।'

जिल्ला प्रहरी परिसरका प्रवक्ता तथा एसपी पवन भट्टराईका अनुसार काठमाडौंका नदी किनाराका अव्यवस्थित बसोबासीमध्ये ३३८ जनालाई गोंगबु क्षेत्रका होटलमा राखिएको थियो। त्यहाँ राखिएकामध्ये ९८ जनालाई अन्यत्र व्यवस्थापन गरिएको छ भने १९६ जना त्यहीं आश्रित छन्।

बालाजु क्षेत्रमा लगिएका २१३ जनामध्ये १९१ जनालाई अन्यत्र लगिएको छ भने २२ जना बालाजु क्षेत्रकै लजहरूमा बसिरहेका छन्।

सुकुम्वासीको दर्दनाक अवस्था : आयोगको प्रतिवेदन

राष्ट्रिय मानवअधिकार आयोगले काठमाडौं उपत्यकाका नदी किनारबाट उठिबास गराइएका सुकुम्वासीको दर्दनाक अवस्था दर्शाएको छ। आयोगले आफ्नो स्थलगत अनुगमन प्रतिवेदन सर्वोच्च अदालतमा समेत बुझाएको छ।

आयोगको स्थलगत अनुगमन प्रतिवेदनले उठिबास गराइएका सुकम्वासी तत्काल 'टेन्ट'मा बस्नुपरेको कारण आफूसँग भएको ग्यास समेत बाल्न नमिल्ने अवस्था रहेको तथ्य उजागर गरेको छ। जसका कारण बालबालिका, सुत्केरी, गर्भवती, बिरामी तथा ज्येष्ठ नागरिकले समेत आफैं पकाएर खाना खान नसकेको प्रतिवेदनमा उल्लेख छ।

"टेन्टमा बसेको कारण आफूसँग भएको ग्यास बाल्न नमिल्दा बालबालिका, सुत्केरी, गर्भवती, बिरामी तथा ज्येष्ठ नागरिकले आफैं पकाएर खाना खान समेत नसकेको पाइयो," आयोग प्रतिवेदनमा भनिएको, "वैशाख १२ गते बिहानैदेखि थापाथलीस्थित सुकुम्वासी बस्तीमा डोजर चल्न थालेपछि सो स्थानका बासिन्दाहरू भोकभोकै रहनु परेको पाइयो।"

प्रतिवेदनअनुसार सुत्केरीको लागि थप पोषणयुक्त खानेकुरा उपलब्ध गराउने भनिए पनि समयमा नै उपलब्ध नगराएको तथा बालबालिका र ज्येष्ठ नागरिकको लागि समेत पोषणयुक्त खाना उपलब्ध नभएको बताइएको छ।

"घरटहराबाट आफ्नो लत्ता कपडा निकाल्न नपाएको हुँदा कतिपय नागरिकसँग शरीरमा लगाइरहेको एक जोरबाहेक लुगा कपडा नभएको जानकारी पाइयो," आयोग प्रतिवेदनले भनेको छ।

समय र सूचना दिइएन

दैनिक ज्यालामा मजदुरी गरी जीविकोपार्जन गर्दै आएका महिला लगायतका श्रमजीवीहरूले मजदुरी गर्ने स्थान र होल्डिङ सेन्टरबीचको दुरी धेरै टाढा हुँदा रोजगारी गुमाउनुपर्ने अवस्था भएको पनि प्रतिवेदनमा उल्लेख छ। लामो समयदेखि आश्रय लिइरहेको बसोबास खाली गरी अन्य स्थानमा सर्न सरकारले पर्याप्त समय र सूचना नदिएको पनि आयोगले जनाएको छ।

"बिहानैदेखि संरचना भत्काइँदा प्रभावितहरूले वैशाख १२ र १३ गते भोकभोकै सामान व्यवस्थापनमा लाग्नु परेको बुझियो। ज्येष्ठ नागरिक, बिरामी, अपांगता भएका व्यक्ति, बालबालिका, असहाय, गर्भवती समेत यसबाट प्रभावित भएको पाइयो," आयोगले भनेको छ।

बसोबास उठाउने सम्बन्धमा सरकारले पर्याप्त सूचना र समय नदिँदा आफ्ना घरटहरा भत्काएर लैजान नपाउँदा घरटहरामा प्रयोग भएका जस्तापाता, इँटा, काठपात लगायतका सामान बेचेर भए पनि केही खर्च निकाल्न सक्ने अवसरबाट बञ्चित हुनुपरेको गुनासो पीडितहरूले राखेका छन्।

"बस्तीबाट उठाइएका कतिपय नागरिक उठिबास गराएको ठाउँमा फर्किएर गई घरटहरा भत्काउँदा आफ्नो ग्याँस चुलो, लुगा, जस्तापाता लगायतका अतिआवश्यक उपभोग्य सामग्री पुरिएको," प्रतिवेदनमा भनिएको छ, "तर, ती सामग्री खरिद गर्ने पैसा नभएको भन्दै दुई-तीन दिनपछि पनि भग्नावशेषभित्र आफ्ना सामग्री खोजी रहेका पाइएको।"

'सेनिटरी प्याड'को अभाव

होल्डिङ सेन्टरमा राखिएका सुत्केरी र गर्भवतीहरूका लागि न्यानो कपडा र सानो बच्चाको जगेडा कपडा समेत नभएको अनुगमनमा पाइएको छ। होल्डिङ सेन्टरमा बालिका तथा महिलाहरू महिनावारी हुँदा 'सेनिटरी प्याड'को अभाव रहेको प्रतिवेदनले उजागर गरेको छ।

सुकुम्वासी बस्ती र होल्डिङ सेन्टरमा काठमाडौंमा रहेका व्यक्तिहरूमा मनोवैज्ञानिक त्रासँगै भविष्यको अन्योलता समेत प्रतिवेदनले औंल्याएको छ।

आस्थाको मन्दिर, गुम्बा र चर्च समेत भत्किए

बस्ती खाली गराउने क्रममा ती क्षेत्रमा रहेका घरटहराबाहेक विद्यालय र धार्मिक आस्थाका मन्दिर, गुम्बा र चर्च समेतका सम्पूर्ण संरचनाहरू भत्काइएको आयोग प्रतिवेदनमा उल्लेख छ।

कक्षा ९ र १० मा अध्ययनरत बालबालिकाहरूलाई पढिरहेको विद्यालयमा जान यातायातको सुविधा नहुँदा कठिनाइ भोग्नुपरेको प्रतिवदनले बताएको छ।

बिरामीले औषधि सेवनको पूर्जासम्म निकाल्न पाएनन्

घरटहरामा डोजर लगाउँदा बिरामीले आफ्नो औषधि सेवनको पूर्जा निकाल्न नपाएको प्रतिवेदनले उजागर गरेको छ। जसका कारण स्वास्थ्य परीक्षण र औषधि सेवनमा समस्या परेको छ।

"होल्डिङ सेटरमा रहेका व्यक्तिहरूमा दीर्घरोग र अन्य स्वास्थ्य समस्या रहेको भए पनि दैनिक अस्पताल जानुपर्ने बिरामीका लागि सवारीसाधनको व्यवस्था नभएको," अनुगमन प्रतिवेदनमा भनिएको छ, "खरिपाटी तालिम केन्द्र भक्तपुरमा रहेका अधिकांश दीर्घरोगीहरूले उनीहरूको घरटहरामा डोजर लगाउँदा आफ्नो औषधि सेवनको पूर्जा निकाल्न नपाउँदा स्वास्थ्य परीक्षण र औषधि सेवनमा समस्या रहेको पाइयो।"

दीर्घरोगको औषधि खाइरहेका वृद्धवृद्धाहरू जचाउन जाँदा १० मध्ये ६ जनामा पूर्जा, औषधिको खोल केही पनि नभएको समेत प्रतिवेदनले उजागर गरेको छ।

बालबालिकाहरू मानसिक रूपमा त्रसित रहेका र विद्यालयको सुनिश्चतता नभएको कारण अन्योलमा रहेको उल्लेख छ। खरिपाटी तालिम केन्द्रमा २२ बालबालिका रहेको, जसमध्ये दुई बालक पूर्ण रूपमा अशक्त रहेको, एक बालकको घाँटीमा पाइप राखिरहेकोले उनलाई अस्पतालमै राखेर उपचार गर्नुपर्ने अवस्था रहेको पनि औंल्याइएको छ।

मजदुरको गुनासो- खाना खान पनि पाइएन

उठिबासपछि विभिन्न होल्डिङ सेन्टरमा रहेका नागरिकहरूले दैनिक रूपमा गरिरहेको काममा जान लामो दुरीको यात्रा गर्नुपर्ने कारण खाना खान पनि नपाउने असहज अवस्था आयोग टोलीसँग राखेका छन्। उनीहरूले पाइरहेको रोजगारी छोड्नु पर्ने अवस्था रहेको गुनासो पोखेका छन्।

चौपाया र सामान अझैसम्म कुदैंछन् पीडित

घर भत्काएको स्थानमा आफूले पालेका चौपाया र सामानहरू अलपत्र छाडेर हिँड्न नसकेको गुनासो पीडितले आयोग टोलीसँग राखेका छन्।

कतिपय घर परिवारका सदस्यहरू अझै पनि विस्थापन गराएको स्थानमा नै कुरेर बसिरहेको अवस्था आयोगले दर्शाएको छ। उठिबास भएका कतिपयले अझै पनि पुरिएका सामान निकाल्न प्रयास गरिरहेको अवस्था प्रतिवेदनले उजागर गरेको छ।

आयोगको ठहर

सरकारले अव्यवस्थित बसोबासलाई हटाएर उचित व्यवस्थापन गर्ने भनी दुई दिनमात्र दिएको मौखिक सूचनालाई पर्याप्त समयसहितको सूचना मान्न नसकिने भनाइ आयोगको छ।

छोटो सूचनाको आधारमा सार्वजनिक बिदाको दिन भारी बस्ती उठाउने कार्य भएको भनाइ समेत आयोगको छ। बस्ती खाली गराउन ठूलो संख्यामा नेपाल प्रहरी, सशस्त्र प्रहरी र काठमाडौं महानगरका प्रहरीलाई परिचालन गर्दै भारी उपकरणको प्रयोग भएको आयोगले बताएको छ।

आवाससम्बन्धी कानुनी अधिकारको अधिकारको पूर्णत बेवास्ता भएको, होल्डिङ सेन्टरमा राख्न कुनै पूर्वसूचना नदिएको, सुकुम्वासी र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने भन्दै बिनाकुनै तयारी अस्थायी बसोबासको व्यवस्था नगरी संरचना भत्काएको, टेन्टले बेरेको खुला टहरामा राख्दा वैयक्तिक गोपनीयताको कानुनी व्यवस्था पालना नभएको निष्कर्ष आयोगले निकालेको छ।

अकस्मात बस्ती हटाउने कार्यले नागरिकको खाद्य, आवास, स्वास्थ्य, शिक्षा, रोजगारी लगायतका बहुआयामिक मानवअधिकारहरू संकुचित गरेको आयोगले जनाएको छ।

संविधान र कानुनको पालना भएन

जबर्जस्त विस्थापन गर्ने कार्यबाट नेपालको संविधानको धारा १६ मा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक, धारा ३७ मा प्रत्येक नागरिकलाई उचित आवासको अधिकार, धारा ४० मा भूमिहीन दलितलाई राज्यले एक पटकका लागि जमिन उपलब्ध गराउने व्यवस्थालाई मौलिक हकहरूको रूपमा सुनिश्चित गरेकोमा त्यसको प्रक्रिया र कार्यविधिगत पक्षबाट सरकारले पालना नगरेको किटानी आयोगको छ।

बसोबास गरिरहेको स्थानबाट हटाउँदा आवासको अधिकारसम्बन्धी ऐन, २०७५ मा व्यवस्थित ज्येष्ठ नागरिक, बिरामी, अपांगता भएका व्यक्ति, बालबालिका, असहाय, गर्भवती महिलाको संरक्षणमा उचित ध्यान दिन नसकेको ठहर आयोगको छ।

विश्वव्यापी घोषणापत्रको उल्लंघन

सुकुम्वासी बस्ती उठाउने क्रममा मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा २५(१), आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ को धारा ११, बाल अधिकारसम्बन्धी महासन्धी १९८९ को धारा २७ को वास्तविक रूपमा पालना हुन नसकेको निर्क्योलमा आयोग पुगेको छ।

घोषणापत्रको आवासको अधिकारअन्तर्गत कसैलाई जबर्जस्ती बेदखली गर्न नपाइने भनिएको छ। उक्त, घोषणापत्रको उचित आवासको अधिकारअन्तर्गत 'कुनै व्यक्ति, परिवार वा समुदायलाई उनीहरू बस्दै आएको घर, जग्गा वा जमिनबाट उनीहरूलाई उचित परामर्श वा कानुनी सुरक्षा नदिई जबर्जस्ती हटाउनु जबर्जस्ती बेदखली' मानिन्छ।

राज्यले विशेष अवस्थामा जबर्जस्ती बेदखली गर्नुपरेमा अन्तर्राष्ट्रिय कानुनअनुसार उचित कानुनी प्रक्रिया अपनाउनुपर्ने हुन्छ। सरोकारवालासँग परामर्श, पूर्वसूचना, र पुनर्वासको व्यवस्था गरिनुपर्ने बाध्यकारी व्यवस्था छ।

राज्यहरूले नागरिकहरूलाई उनीहरूको इच्छाविपरीत घर वा जग्गाबाट हटाउनबाट जोगाउन कानुनी उपायहरू अवलम्बन गर्नुपर्ने भए पनि त्यसतर्फ कुनै ध्यान नै नदिएको अवस्था दर्शाउँदै गम्भीर चिन्ता समेत व्यक्त गरेको छ।

सिफारिस र ताकेतामा बेवास्ता

आयोगबाट सुकुम्वासीहरूको हुन गएको क्षतिको उचित मूल्यांकन गरी क्षतिपूर्ति दिन र बसोबासको वैकल्पिक व्यवस्था गराउन यसअघि गरेको सिफारिस र ताकेतामा वेवास्ता भएको भन्दै असन्तुष्टि पोखेको छ।

आयोगले २०६९ जेठ १ गते घरटहरा भत्काउँदा ती स्थानबाट विस्थापित भएका सुकुम्वासीहरूको हुन गएको क्षतिको उचित मूल्यांकन गरी क्षतिपूर्ति दिन सरकारलाई सिफारिस गरेका थियो।

साथै, अन्य ठाउँको अतिक्रमित सरकारी जग्गा खाली गराउँदा समेत बसोबासको वैकल्पिक व्यवस्था मिलाएर मात्र खाली गराउनेतर्फ कारबाही गर्न/गराउन २०६९ असार ८ गते सिफारिस भएको स्मरण समेत गराइएको छ। त्यसपछि विभिन्न मितिमा भएका ताकेता समेत कार्यान्वयन नगरिएको जनाउ समेत आयोगले दिएको छ।

'न्यूनतम मानवीय संवेदना पनि विचार गरिएन'

सुकुम्वासीको बसोबास खाली गराउँदा मानवीय संवेदनाका न्यूनतम पक्ष समेत विचार नगरी नागरिकलाई आश्रयविहीन बनाइएको किटान आयोगको छ।

मौजुदा कानुनी व्यवस्था र उचित प्रक्रियाको ख्याल नगर्दा मानवअधिकारको हनन् भएको प्रतिवेदनले उल्लेख गरेको छ। भत्काइएका संरचनाबाट निस्किएका कंक्रिटको सरसफाइमा समेत सरकारको ध्यान नपुगेकोमा पनि आयोगले असन्तुष्टि जनाएको छ।

"सरकारको स्वेच्छाचारी कार्यशैलीले विस्थापित भएकाहरू मर्कामा छन्। यस विषयमा सरकार जवाफदेही र जिम्मेवार हुनुपर्छ," निष्कर्ष खण्डमा सरकारलाई सुझाउँदै आयोगले भनेको छ, "विस्थापित सुकुम्वासीहरूलाई अति शीघ्र बसोबासको व्यवस्थापन मिलाइनुपर्छ।"

देशव्यापी उठ्दै प्रतिरोध आन्दोलन

संयुक्त राष्ट्रिय सुकुम्बासी मोर्चाले देशव्यापी रूपमा सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको प्रतिरोध आन्दोलनलाई व्यवस्थित रूपमा उठान गर्ने तयारी गरिरहेको छ। श्रम संस्कृति पार्टी, क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल लगायत विभिन्न राजनीतिक राजनीतिक पार्टीहरूले पनि सुकुम्बासीमाथि भएको दमन र जबर्जस्त उठिबासका विरुद्ध आन्दोलन उठानको तयारी गरिरहेका छन्। क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल, नेकपा (बहुमत), वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपाल र नेकपा सम्मिलित केन्द्रीय संघर्ष समितिले यही बैशाख ३० गते सुकुम्बासी तथा अव्यवस्थित बसोबासीमाथि गरिएको मानवताविरुद्धको अपराध तथा फासिवादी क्रूरताका विरुद्ध विरोध कार्यक्रम गर्ने घोषणा गरेको छ। र, सो कार्यक्रममा पीडित सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूलाई पनि सहभागी हुन अपिल गरेको छ।

पोखरा, बुटबल, दाङ, सुर्खेत, झापा, मोरङ, धनुषा, सिरहा, महोत्तरी, नेपालगञ्ज लगायत देशैभरबाट सुकुम्बासी आन्दोलन स्वतःस्फूर्त रूपमा उठिरहेको छ। संसदवादी पार्टीहरू एमाले, कांग्रेस, नेपाली कम्युनिस्ट पार्टी लगायतले पनि विभिन्न माध्यमबाट सुकुम्बासीहरूको जबर्जस्ती उठिबासका विरुद्ध आवाज उठाइरहेका छन्।

बालेन सरकारको फासिवादी बर्बरताका विरुद्ध यतिखेर लाखौं सुकुम्बासीहरू सडकमा उत्रने स्थिति बनेको छ।

यसैबिच, बैशाख २५ मा संयुक्त राष्ट्रिय सुकुम्बासी मोर्चाले जारी गरेको वक्तव्यमा बालेन्द्र सरकारको फासिवादी क्रूरताका कारण चार जना सुकुम्बासी बस्तीका नागरिकले ज्यान गुमाएको जनाएको छ। जोडर आतंकका कारण मनोहराका १८ बर्षे रविन तामाङ र बल्खुका ५७ वर्षे इन्द्रबहादुर राईले आत्महत्या गरेको, शान्ति नगरकी ५० वर्षीया कमला बलम्पाखीको हर्टअट्याकबाट मृत्यु भएको, र, १८ महिने शिशु उज्जल तामाङको सार्ने क्रममा मृत्यु भएको उल्लेख गरिएको छ। वक्तव्यमा हजारौ सुकुमबासी बस्तीका नागरिकहरू डिप्रेसनको शिकार भएको पनि जनाइएको छ। वक्तव्यमा मुलुकी अपराध संहिता, २०४७ को दफा १५८ मा आत्महत्या दुरुत्साहनसम्बन्धी कसुरमा कारबाहीको माग गरिएको छ।

क्रान्तिकारी कम्युनिस्ट पार्टीले जेठ महिनाभरि सुकुम्बासीको पक्षमा आन्दोलन गर्ने

क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको बैशाख २४-२४ मा सम्पन्न स्थायी समितिको बैठकले जेठ महिनाभरि सुकुम्बासी समस्यामा केन्द्रित भई आन्दोलन गर्ने घोषणा गरेको छ। निर्णयमा भनिएको छ, "अहिलेको डोजर आतंकको विरुद्ध उभिने पार्टी, संगठन तथा व्यक्तित्वसँग सहकार्य गरी आन्दोलनको विकासमा जोड दिने।"

बैठकले दुई चरणमा आन्दोलन गर्ने निर्णय गरिएको छ- जेठ १ देखि १५ गतेसम्म सुकुम्बासी समस्या र त्यसको समाधान सम्बन्धी पर्चा बनाएर सुकुम्बासी टोलमा वितरण गर्ने, शिविरमा गएर पार्टीको सुकुम्बासीसम्बन्धी दृष्टिकोण राख्ने, प्रभावित परिवारको तथ्यांक संकलन गर्ने, सुकुम्बासीहरूले स्वतःस्फूर्त चलाएका संघर्षमा सहभागिता जनाउने लगायत कार्यक्रम रहेको छ। दोस्रो चरण (जेठ १६ देखि ३० सम्म) आम जनतालाई सुकुम्बासी समस्याबार बुझाउन पिंढी सभा, कोणसभ गर्ने, जिल्ला प्रशासन कार्यालयमा ज्ञापन पत्र बुझाउने र धर्ना बस्ने, जुलुस तथा विरोध प्रशृनहरू गर्ने, सुकुम्बासी समस्या समाधानको माग गर्दै हस्ताक्षर संकलन गर्ने, कालोपट्टी बाँधेर विरोध प्रदर्शन गर्ने, मशाल जुलुस निकाल्ने, जिल्लास्तरीय सभाहरू गर्ने लगायतका निर्णय गरिएको छ।

आलोपालो

सत्ताको वर्गीय चरित्र र वालेन्द्र सरकार

● लक्ष्मण उप्रेती ●

मानव समाजको विकासक्रमलाई वास्तविक रूपमा हेर्ने हो भने सत्ता कुनै अमूर्त, निरपेक्ष वा सबैका लागि समान रूपमा न्याय गर्ने संयन्त्र होइन। सत्ता सधैं निश्चित ऐतिहासिक अवस्था, उत्पादन सम्बन्ध र वर्गीय संरचनासँग गाँसिएको हुन्छ। त्यसैले "सत्ता निर्मम भयो" वा "निरंकुश हुन खोज्यो" भन्ने आवाजहरू उठ्नु आफैंमा अस्वाभाविक होइनन्, बरु समाजभित्रका अन्तर्विरोधहरूको सतहमा देखिने अभिव्यक्ति हुन्। सत्ता, जसलाई हामी राज्यसत्ता भन्छौं, वास्तवमा कुनै न कुनै वर्गको हितको रक्षा गर्ने साधन हो,यो दृष्टिकोणलाई मार्क्सवाद ले स्पष्ट रूपमा प्रतिपादन गरेको छ।

सत्ताको मूल चरित्र बुझ्नका लागि यसलाई खाली प्रशासनिक वा कानुनी संरचनाको रूपमा मात्र हेर्नु पर्याप्त हुँदैन। राज्यसत्ता भनेको आर्थिक आधार माथि निर्माण भएको राजनीतिक अधिरचना हो। जब समाजमा वर्ग विभाजन उत्पन्न भयो, तब त्यस वर्गीय विभाजनलाई व्यवस्थापन गर्न, नियन्त्रण गर्न र एउटा वर्गको प्रभुत्व कायम राख्न राज्यको जन्म भयो। यही कारणले सत्ता "निर्मम" देखिन्छ,किनकि त्यो सबैका लागि होइन, कुनै एक विशेष वर्गको हितका लागि काम गरिरहेको हुन्छ। उदाहरणका लागि, पूँजीवादी व्यवस्थामा सत्ता पूँजीपति वर्गको हितको संरक्षण गर्न जति प्रयोग हुन्छ, श्रमिक वर्गका मागहरूलाई दमन गर्न त्यति नै कठोर देखिन्छ।

नेपालको सन्दर्भमा "वालेन्द्र सरकार निरंकुश हुन खोज्यो" भन्ने बहसलाई पनि यही दृष्टिकोणबाट हेर्नुपर्छ। यहाँ प्रश्न खाली कुनै एक व्यक्ति वा सरकारको नियतको होइन, बरु त्यो सरकार कुन वर्गीय शक्तिको प्रतिनिधित्व गर्दैछ भन्ने हो। यदि राज्यसत्ता पूँजी, ठूला व्यापारी, वित्तीय संस्थान वा अन्तर्राष्ट्रिय शक्तिहरूसँग नजिक छ भने, त्यो स्वाभाविक रूपमा श्रमिक, किसान, सुकुम्बासी र निम्नवर्गीय जनताको विरुद्धमा कठोर बन्छ। यस्तो अवस्थामा जनताको सानो प्रतिरोध पनि "अराजकता" ठहरिन्छ, जबकि सत्ताको दमनलाई "कानूनको शासन" भनेर वैध ठहऱ्याइन्छ ।

सत्ताको निर्ममता वास्तवमा त्यसको "कार्यविधि" हो, न कि अपवाद। इतिहासमा हेर्दा सामन्तवादी शासन, औपनिवेशिक शासन वा आधुनिक पूँजीवादी राज्य,सबैले आफ्नो अस्तित्व जोगाउन हिंसा, दमन र नियन्त्रणको प्रयोग गरेका छन्। कार्ल मार्क्स र फ्रेडरिक एंगेल्सले राज्यलाई "एक वर्गले अर्को वर्गलाई दबाउन प्रयोग गर्ने उपकरण" को रूपमा व्याख्या गरेका छन्। त्यसैले सत्ता कहिल्यै तटस्थ हुँदैन; त्यो सधैं पक्षधर हुन्छ। प्रश्न केवल यति हो, त्यो कसको पक्षमा छ?

यदि सत्ता श्रमिक वर्गको हातमा हुन्थ्यो भने त्यसले पनि आफ्नो विरोधी वर्गमाथि अधिनायकत्व देखाउथ्यो। यसलाई सर्वहारा अधिनायकत्व भनिन्छ, जसको उद्देश्य शोषणमूलक वर्ग संरचनालाई समाप्त गर्नु हो। यहाँ पनि सत्ता "निर्मम" हुन्छ, तर यसको लक्ष्य फरक हुन्छ, यो उत्पीडित वर्गलाई मुक्त गर्ने दिशामा केन्द्रित हुन्छ। त्यसैले निर्ममता आफैंमा नकारात्मक वा सकारात्मक होइन; यसको मूल्यांकन त्यसले कसको सेवा गरिरहेको छ भन्ने आधारमा गर्नुपर्छ। आजको समयमा जब जनताले "सत्ता निरंकुश भयो" भन्ने अनुभव गर्छन्, त्यसको मूल कारण उनीहरूका जीवनसँग जोडिएका समस्याहरू, जस्तै महँगी, बेरोजगारी, असमानता, सेवा सुविधाको अभाव समाधान हुन नसक्नु *बाँकी ७ पेजमा*

सम्पदा जोगाऔं, पहिचान बचाऔं

- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं।
- सम्पदा क्षेत्रमा फोहोर नगरौं।
- पूरातात्विक तथा धार्मिक स्थलहरूमा तोडफोड वा क्षति नपुऱ्याऔं।
- स्थानीय संस्कृति, परम्परा र मूल्य-मान्यताको सम्मान गरौं।
- सम्पदा क्षेत्रको संरक्षणसम्बन्धी नियम तथा निर्देशनहरूको पालना गरौं।
- पर्यटक तथा आगन्तुकहरूलाई सम्पदाका महत्वबारे जानकारी गराऔं।
- अनधिकृत निर्माण तथा अतिक्रमणबाट सम्पदालाई जोगाऔं।
- पुराना सम्पदाहरूको मर्मत-सम्भार र संरक्षणमा समुदायको सक्रियता बढाऔं।

नेपाल सरकार

विज्ञापन बोर्ड

डोजर आतंकप्रति आपत्ति जनाउँदै 'बस्ती बचाउ आन्दोलन' को घोषणा

विजयपुर। नेपाल बसोबास बस्ती संरक्षण समाजले विभिन्न स्थानमा भइरहेको बस्ती हटाउने तथा डोजर आतंकप्रति आपत्ति जनाउँदै 'बस्ती बचाउ आन्दोलन' को घोषणा गरेको छ।

बुधबार समाजले जारी गरेको विज्ञप्तिमा चरणबद्ध आन्दोलन गर्ने उल्लेख गरेको छ। समाजका अध्यक्ष कुमार कार्कीद्वारा हस्ताक्षरित विज्ञप्तिअनुसार पहिलो चरणमा आ-आफ्नो क्षेत्रमा भेला, प्रदर्शन, दलहरूसँग अन्तरक्रिया, ज्ञापनपत्र बुझाउनेलगायत अवस्था अनुसारका कार्यक्रम सञ्चालन गरिनेछ। समाजले जिल्ला प्रशासन कार्यालयमार्फत सरकारलाई ध्यानाकर्षण गराउने, सुकुम्बासी सम्बन्धी काम गर्ने स्थानीय तथा राष्ट्रिय संघ-संस्थासँग सहकार्य गरी साझा कार्यदल र कार्यक्रम बनाउने जनाएको छ। यस्तै, जबर्जस्ती उठिवास रोक्न शान्तिपूर्ण प्रतिकार गर्दै बस्ती रक्षा रणनीति अपनाउने, निष्पक्ष छानबिन र संवादमा सहयोग गर्ने तर विकल्पविहीन दमनकारी उठिवासविरुद्ध सशक्त प्रतिकार गर्ने विज्ञप्तिमा उल्लेख छ। साथै समुदायस्तरमा जागरण अभियान सञ्चालन गरिने पनि जनाइएको छ।

पहिलो चरणको आन्दोलनबाट माग पूरा नभए दोस्रो चरणको सशक्त आन्दोलन घोषणा गर्दै सुकुम्बासी मुक्तिको अन्तिम आन्दोलनसमेत घोषणा गरिने समाजले जनाएको छ। काठमाडौं उपत्यकाबाट क्रूर तथा अमानवीय शैलीमा सुकुम्बासीका घरमा डोजर चलाइएको उल्लेख गर्दै समाजले सरकारको योजनाअनुसार देशका विभिन्न स्थानमा स्थानीय तहमार्फत सूचना जारी गरेकाले स्पष्ट हुने जनाएको छ।

देशका विभिन्न स्थानमा वर्षौंदेखि बसोबास गर्दै आएका विपन्न, श्रमिक, महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अशक्त नागरिक प्रत्यक्ष रूपमा प्रभावित भएको विज्ञप्तिमा उल्लेख छ। समाजले बस्ती व्यवस्थापनको नाममा नागरिकलाई जबर्जस्ती हटाउने कार्य मानवीय संवेदना र संविधानप्रदत्त आवास अधिकारविपरीत भएको जनाएको छ। प्रभावित परिवारका लागि सुरक्षित बसोबास, शिक्षा, स्वास्थ्य, खानेपानी तथा आधारभूत सेवासहित पुनर्स्थापनाको स्पष्ट योजना सार्वजनिक गर्न सरकारसँग माग गरिएको छ।

केन्द्रीय...

पारित संगठनात्मक प्रस्ताव", असिमले "विधान" बसन्तले "आर्थिक नियमावली", राजवीरले जनवर्गीय संगठन, उत्पादन, आर्थिक सम्मेलन", असिमले "किसान आन्दोलन" बारेमा विषय प्रस्तुत गर्नुभएको थियो। अन्त्यमा कार्यक्रमको अध्यक्षता असिम, संचालन प्रतिक र मन्तव्य सुरेस, सीपी, सीपी शर्मा, जि. पौडेल लगायतले राख्नुभएको थियो।

सिराहामा बैशाख १४-१६ मा सम्पन्न

क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालीको केन्द्रीय समितिको आयोजनामा केन्द्रीय अन्तर्क्रियात्मक प्रशिक्षण कार्यक्रम २०८३ वैशाख १४ गतेदेखि १६ गतेसम्म व्यूरो नं। १२, १३, १४,१५ र १६ नं का कार्यरत केन्द्रीय सदस्यहरूको उपस्थितिमा सिराहाको गोलबजारमा सम्पन्न भयो। कार्यक्रममा क. राजवीर, क.प्रतिक , क. बसन्त,क.रमेश, क. संगम, क.महेश, क.गगन, क. विश्वास, क.पवन, क. विद्रोही, क.पत्थर, क. जयराज, क. विमल, क.एस रोशन, क.सुनामी सहितको उपस्थिति रहेको थियो। उद्घाटन कार्यक्रम केन्द्रीय कार्यालय सचिव बसन्तको अध्यक्षतामा स्थायी समिति सदस्य प्रतिकको संचालनमा उदघाटन कार्यक्रम सम्पन्न भयो। कार्यक्रममा शहीदहरूप्रति एक मिनेट मौनधारण गरी शहिदहरूप्रति श्रद्धाञ्जली अर्पण गरिएको थियो। यस कार्यक्रमको महत्व र आवश्यकता बारे असिम र राजवीरले मन्तव्य संक्षेपमा राख्नु भएको थियो। कार्यक्रमको पहिलो दिन राजवीर र असिमले जन अधार निर्माण र तत्कालिन राजनीतिक परिस्थितिबारे आ-आफ्नो नोट प्रस्तुत गरी सहजीकरण गर्नुभयो। उपरोक्त विषयमा उपस्थिति कमरेडहरूले आ-आफ्नो धारणा र सुझावहरू राख्नु भयो। त्यसमा उठेका विषयहरू माथि स्पष्टीकारण दिंदै राजवीर र असिमले अन्तर्क्रियाको कार्यक्रम सम्पन्न गरियो।

बसन्तले (स्थायी समिति सदस्य) संघर्षको कार्यदिशाको नोटमा व्याख्या सहित सि.सि.एमहरूका बीचमा सहजीकरण गर्नुभयो। यसको बारेमा सहभागीहरूले विचार राख्नुभयो। त्यसमाथि आएका प्रश्नहरू र कतिपय जिज्ञासामाथि स्पष्ट पार्ने काम गर्नुभयो। त्यसपछि संगठनात्मक प्रस्तावबारे स्थायी समिति सदस्य क. राजवीरले नोट प्रस्तुत गर्दै सहजीकरण गर्नुभयो। त्यसमाथि उपस्थिति सहभागीहरूले छलफल/बहस गर्दै आ-आफ्नो धारणा र जिज्ञासा राख्दै अन्तर्क्रिया संचालन भयो। त्यसबारे कतिपय विषय राजवीरले स्पष्ट पार्नुभयो। मार्क्सवाद र संशोधनवादको विषयमा स्थायी समिति सदस्य प्रतिकले नोट प्रस्तुत गरी सहजीकरण गर्नुभयो। त्यसमाथि सिसिएम/ पिपिएमहरूले थप केही जिज्ञासा राख्नुभयो-त्यसमा प्रतिकले स्पष्ट पार्नुभयो। असिम (स्थायी समिति सदस्य)ले पार्टी विधानबारेको नोट व्याख्यात्मक ढंगबाट सहजीकरण गर्नुभयो। त्यसमा छलफल भैकसेपछि थप स्पष्ट पार्ने काम असीमबाट सम्पन्न गरियो। आर्थिक सम्मेलन र उत्पादनबारे राजवीरले सहजीकरण स्वरूप विषयवस्तु प्रस्तुत गर्नुभयो। त्यसबारे अन्तर्क्रियामा उपस्थित कमरेडहरूले आ-आफ्ना राय सुझाव र छलफल/बहस सहित भाग लिनुभयो। त्यसबारे थप कुराहरू राखेर विषयवस्तु स्पष्ट पार्दै यस विषयको अन्तर्क्रियाको बिट मार्नु भयो। आजको अन्तर्क्रिया समापन गरियो।जिल्ला पार्टी अधिवेशन र भेलाबारे स्थायी समिति सदस्य प्रतिकले तयार पारेको रिपोर्टको बारेमा व्याख्या गर्दै सहजीकरण गर्नुभयो। यसबारे सबै कमरेडहरूले अन्तर्क्रियामा सहभागी हुनु भयो र यसमा उठेका कतिपय प्रश्नहरूबारे स्पष्ट पार्न प्रतिक पहल गर्नुभयो।

इन्द्रमोहन सिग्देलले आर्थिक नियमावलीबारे विषय प्रस्तुत गर्नुभयो। त्यसबारे उपस्थित कमरेडहरूबाट छलफल अन्तर्क्रिया गरी आफ्नो आफ्नो धारणा प्रस्तुत गर्नुभयो। त्यसबारे थप स्पष्ट पार्ने काम क. इन्द्रमोहनले गर्नुभयो। यस विषयको अन्तर्क्रिया सम्पन्न गरियो। राजवीरले जनसंगठन निर्माण र विस्तारबारे आफूले तयार पारिएको नोटको व्याख्या गरी विषयवस्तुबारे सहजीकरण गर्नुभयो। त्यसपछि कमरेडहरूले अन्तर्क्रियामा सहभागी बन्नुभयो। त्यसमाथि उठेका प्रश्नहरू र कपितय सुझावहरूबारे स्पष्ट पार्दै संश्लेषण गर्नुभयो।

स्थायी समिति सदस्य प्रतिकले संगठनात्मक नियमावलीको विषयवस्तुबारे व्याख्यासहित सहजीकरण गर्नुभयो। त्यसपछि अन्तर्क्रियामा सहभागी कमरेडहरूले आ-आफ्ना राय सुझावहरूसहित धारणाहरू प्रस्तुत गर्नुभयो। त्यसमाथि उठेका विभिन्न सुझाव र जिज्ञासाबारे प्रतिकले स्पष्ट पार्दै संस्लेषण गर्नुभयो। किसान भेला र अभियान बारेको विषयवस्तुबारेको नोट सन्तबहादुरले सहजीकरण गर्नुभयो। यसमा भएका विषयवस्तुहरूको अन्तर्क्रिया छलफलपछि त्यसलाई स्पष्ट गर्दै सन्तले संश्लेषण गर्नुभयो। समापन कार्यक्रको अध्यक्षता स्थायी समिति सदस्य क.राजवीरले गर्नुभयो। यस कार्यक्रमको संचालन सभालाई समिति सदस्य बसन्तले गर्नुभयो। केन्द्रीय समितिले राखेको अन्तर्क्रियात्मक प्रशिक्षण कार्यक्रम वैशाख १४ गतेदेखि १६ गेतसम्म (३ दिन) सिराहाको गोलबजारको सैनिकचोकमा सम्पन्न गरिएको हो। अनुभूति तथा कार्यक्रमको बारेमा सुनामी, गगन, जयराज, रमेशले प्रशिक्षार्थी र अन्तर्क्रियाका सहभागीको हिसाबले कार्यक्रम फलदायी भएको, नयाँ र उपलब्धिमूलक भएको भन्दै सफल भएको मन्तव्य राख्नुभयो। त्यसैगरी स्थायी समिति सदस्य प्रतिकले यसप्रकारको अन्तर्क्रियाले नेतृत्वले एकले अर्कोलाई बुझ्न, एकताको विकास गर्न, टिमबद्ध गर्न र आगामी चुनौतीको सामना गर्न थप जिम्मेवारी सुम्पेको र त्यो अवसर प्राप्त भएको विचार राख्दै पार्टीले दिएको जिम्मेवारीमा प्रतिबद्ध भई लाग्ने प्रण गर्नुभयो। अन्त्यमा कार्यक्रमका सभापतिले कमजोरी विकास गर्नुपर्ने, अझ धेरै मेहनत गर्नुपर्ने विषय राख्दै कार्यक्रम सफल भएको कुरा राख्नुभयो। यो केही हदसम्म फलदायी भएको कुरा राखेर अरु परिस्कृत गरेर आगामी दिनमा जाने प्रतिबद्धता व्यक्त गर्दै समापन गर्नुभयो।

बाँकेमा पनि १४-१६ मा सम्पन्न

क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालको ४ वटा व्यूरोको प्रशिक्षण बाँकेमा सम्पन्न भयो। १,२,३ र ४ नम्बर ब्युरोको बिचारधारात्मक तथा अन्तरक्रियात्मक प्रशिक्षण २०८३ बैशाख १४ -१६ सम्म सम्पन्न भएको हो। केन्दीय सदयहरू सहभागी उक्त कार्यक्रममा कुमुद , सुदर्शन, पृतम र एसटीले प्रशिक्षण दिनु भएको थियो।

बुटवलमा बैशाख १९-२१ मा सम्पन्न

बुटवलमा बैशाख १९-२१ गतेसम्म ३ दिने अन्तर्क्रियात्मक प्रशिक्षण कार्यक्रम सम्पन्न भयो। उद्घाटन कार्यक्रम अध्यक्षता कुमुद, संचालन सुदर्शन र उद्घाटन एसटीले गर्नुभएको थियो। पाँच नं व्यूरो सेक्रेटरी सुबोधको स्वागत सहिदहरूप्रति एक मिनेट मौनधारण पछि स्थायी समिति सदस्य प्रितम, ६ नं व्यूरो इन्चार्ज निश्चल, ७ नं व्यूरो इन्चार्ज किशोर, ११ नं व्यूरो इन्चार्ज अटलले मन्तव्य राख्नुभएको थियो। प्रितमले १, राजनीति परिस्थति र हाम्रो नीति, २ मार्क्सवाद र संशोधनवाद, सुदर्शनले १- जनआधार निर्माण, २- संघर्षको कार्यक्रम ३- जिल्ला पार्टी अधिवेशन, कुमुदले १- संगठनात्मक प्रस्ताव, २- पार्टी विधान, ३- संगठनात्मक नियमावली, ४- संगठन निर्माण र विस्तार, एसटिले १- आर्थिक नियमावली, २- किसान भेला र अभियान, ३- आर्थिक सम्मेलन र उत्पादनका विषयमा प्रस्तुति दिनुभएको थियो।

अन्त्यमा समापन कार्यक्रम भयो। समापन कार्यक्रमको अध्यक्षता एसटि, संचालन कुमुद र मन्तव्य ५ नं व्यूरो इन्चार्ज अर्जुन, ६ नं व्यूरो इन्चार्ज निश्चल, ७ नं व्यूरोका सचिव दिपक र ११ नं व्यूरोका सचिव अनुकूलले मन्तव्य राख्नुभएको थियो।

प्रकाशक : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi2073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं।